# अनगारिका धर्मचारी तथा उपासिकारामको

## संक्षिप्त-परिचय



Downloaded from http://www.dhamma.digital

# अनगारिका धर्मचारी

ज्ञानेश्वरी

# तथा (यशावति)

# उपासिकारामको

# संक्षिप्त-परिचय

Dhamma.Digital

*लेखिका*

सुशीला शाक्य

*अनुवादिका*

अनगारिका कुसुम

Downloaded from http://www.dhamma.digital

*प्रकाशक* - निर्वाणमूर्ति उपासिकाराम संरक्षण समिति
किन्डोल, स्वयम्भू

*प्रकाशित प्रति* - १०००

*मूल्य* - रु.२०।-

बु.सं. २५४०
ने.सं. १११६
इ.सं. १९९६
वि.सं. २०५३

*मुद्रक* - कान्तिपुर प्रिन्टिंग प्रेस
ॐ बहाल, काठमाडौं
फोन नं २१२८५५,
पोष्ट बक्स नं.१४१८

Downloaded from http://www.dhamma.digital

# दुई शब्द

नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स ।

नेपालमा करिब ७३ वर्षअघि किन्डोलमा अष्टमीव्रत चलाई श्रद्धालुहरू संग्रह गर्नुहुने, त्यस्तै प्रायः लुप्त भैसकेको स्थविरवाद बुद्धधर्मलाई पूज्य प्रज्ञानन्द, धम्मालोक, शाक्यानन्द, अमृतानन्द महास्थविरहरू उपत्यकामा पाल्नुभएदेखि त्यसमा श्रद्धाराखी नेपालका दायकदायिकाहरूले नेतृत्व गरी आफू पनि १९९१ सालमा अनगारिका बन्नुभएकी धर्मचारी अनगारिकालाई हामी सबैले चिनेकै छौं ।

त्यस्तै किन्डोलमा विरती र विमुखा अनगारिकाहरूसँग मिलेर अर्को जग्गा खरिद गरी कुशीनगरमा जस्तै निर्वाणमूर्ति निर्माण गराई २००६ साल आश्विनपूर्णिमाको दिन स्थापना गरी २००८ साल कार्तिक २८ गते तत्कालीन श्री ५ युवराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट यस महापरिनिर्वाणमन्दिर समुद्घाटन सम्पन्न भएको पनि सबैले सम्भेकै हुनुपर्छ ।

यहांको उन्नतिको साथै त्यतिबेला राष्ट्र र अन्तर्राष्ट्रबाट आउने अनगारिकाहरूलाई आश्रय दिने ठाउं नहुंदा त्यस अभावको पूर्ति गर्न २०१९ सालमा श्री महाप्रज्ञा, भिक्षु अश्वघोष, पूर्णकाजि, हरिदास, भाइकाजि, जगतरत्न, बाबुरत्न, पूर्णमान, दयावीरसिंह, महारत्न, लोकरत्न, सिद्धिरत्न, राजमान, द्रव्यरत्न र श्रीमती चन्द्रलक्ष्मी आदि सबैद्वारा उपासिकाराम निर्माण समिति गठन भयो । यो उपासिकाराम निर्माण गर्न धर्मचारी, विरती, विमुखा र लक्ष्मीप्रभा चारजनाको नाउंको जग्गा वहांहरूले सर्मपण गरेपछि चन्दा संकलन समितिद्वारा एउटा सहयोगको अपील प्रचार गरी सोही जग्गामा उपासिकाराम निर्माणकार्य शुरूभयो । अनगारिका धर्मचारी गुरुमांको त्यागमय धार्मिक सद्व्यवहारलाई देखेर २०२१ साल वैशाखपूर्णिमाको दिन पाःको पुखूद्यांकी विष्णमाया महर्जनले आफ्ना आमाबाबुको पुण्यस्मृतिमा

Downloaded from http://www.dhamma.digital

१० हातको एउटा घर तथागतको शासनको निम्ति दान गरिन् । अनि त्यसैमा बसी मन्दिर निर्माण गरी यहाँको उन्नतिका साथै अनेक कर्यक्रम संचालन गर्नुभएको पनि कसैले बिर्सेको छैन होला । त्यस्तै छाना लगाउन नसकिरहेको अवस्थामा लोकदर्शन वज्राचार्यको तर्फबाट पुन: सहयोग संकलन गरी यो उपासिकाराम निर्माण पूरा भएको हो । उपासिकाराम पूरा भएपछि २०२६ सालको बैठकबाट लोकदर्शन र अनगारिका धर्मचारीसहित चन्दा संकलन गर्ने र चन्दादाताहरूलाई धन्यवाद ज्ञापनगरी धर्मचारीलाई संस्थापकको पद अर्पणगरेको पनि सम्बन्धित महानुभावहरूले बिर्सेका छैनन् होला ।

उपासिकारामभवन पूरा भएपछि निर्माणसमितिलाई संरक्षणसमितिमा परिणत गरी उपासिकाराममा आउने अतिथिवर्ग र आवासिकहरूलाई संरक्षण र निर्देशन दिने काम भयो । साथै रू. ५० र त्यसभन्दा बढी सहयोग गर्नेका नाम अंकितगरी शिलापत्र स्थापना गरिराखेको पनि आजसम्म उपासिकाराममा छँदैछ । संरक्षणसमितिको शुरूमा पदाधिकारीवर्गमा अध्यक्ष संस्थापिका धर्मचारी अनगारिका, उपाध्यक्ष विरती अनगारिका, सेक्रेटरी [illegible] तुलाधर, कोषाध्यक्ष बाबुरत्न र पछि जगतरत्न बसी यो निर्वाणमूर्ति उपासिकारामको कार्यक्रम सुचारुरूपले संचालन भैराखेको थियो ।

२०३३ सालमा अनगारिका धर्मचारी हृदयरोग भई २०३४ साल पौष २९ गते दिवंगत हुनुभयो । तैपनि वहाँका सम्पूर्ण भार उपासिकाराम संरक्षणसमितिले विरती अनगारिकालाई दिएर समितिको अध्यक्ष राखियो । यसभन्दा पहिले धर्मचारी, विरती र विमुखा तीनजना जीवित छँदा वहाँहरूले आफ्नो शेषपछि यहाँ कुनै किसिमले आफ्नो कीर्ति लोप हुन नपाओस्, यो ठाउँ अनगारिकाहरूले नै उपभोग गर्न पाउन् भन्नाका खातिर आनन्दकुटी दायक सभालाई उक्त निर्वाणमूर्ति उपासिकाराम र सोही जग्गामा बनेका दुइवटा घर अनि अरू जग्गाहरू पनि सुरक्षा गर्ने र त्यहाँ रहने अनगारीकाहरूलाई हेर बिचार गर्नुको

Downloaded from http://www.dhamma.digital

निम्ति घरसारमा लेखोटगरी दिइराखेको हुनाले दायकसभा अधिसरी त्यहाँ भएका सबै चल अचल सम्पत्ति सुरक्षा गरी प्रतिवर्ष वहाँहरूको पुण्यतिथिको संस्मरणमा सबै भिक्षु अनगारिकाहरूलाई निमन्त्रणगरी दान प्रदान गर्दै आइरहेको हो । यो पुण्यस्थल पहिले अनगारिकासंघ नहुँदा धर्मचारी अनगारींकाहरूले दायकसभालाई जिम्मा लगाएको भएर पनि यो ठाउँ हाल अरू नै व्यक्तिले झुक्याई आफ्नो नाउँमा लालपुर्जासमेत लिइसकेको छ । परन्तु हाल सबै उपासक उपासिकाहरूको जागरणबाट सम्बन्धित प्रशासनिक तहबाट यो लालपुर्जालाई बेचबिखन आदि गर्न रोक्का भैसकेको छ । उक्त निर्वाणमूर्तिको निमित्त भनी राखिएको जग्गा एक टुक्रा हकवाला भनी लालपुर्जा नामसारी गरेको पनि पुनरावेदनबाट बदर भैसकेको छ । साथै निर्वाण मूर्ति उपासिकारामको सुप्रवन्ध र संचालनको निम्ति निम्नअनुसार संरक्षणसमिति गठनभै यसबाट कार्य सञ्चालन भैरहेको छ । अबत अनगारिका संघ पनि भैसकेको छ । त्यस्तै अरू पनि स्थविरवाद बुद्धधर्मलाई संरक्षण गर्न अनेक संघ संस्थाहरू भैसकेको हुनाले आशा एवं विश्वास गर्न सकिन्छ कि अब अवश्य पनि सबैको सहयोगबाट यस उपासिकाराम निर्वाणमूर्ति विहारको पूर्णरूपले संरक्षण हुनुको साथै उत्तरोत्तर अभिवृद्धि भै दिवंगत अनगारिकाहरूकोसदिक्षा बमोजिम राखिएको वहाँहरूको कीर्तिमा कुनै बाधा नभै चिरस्थायी हुँदै जानेछ भन्ने आशा लिन सकिन्छ ।

"भवतु सब्ब मंगलम्"

Downloaded from http://www.dhamma.digital

# छोटो कुरा

नेपाली विहारहरू आज विश्वसम्पदामा अंकित भएको छ तर नेपालमा यसको स्थिति गिर्दै गइराखेको छ । महायानी विहारहरू व्यक्तिगतरूपमा प्रयोगहुँदै तहस नहस भइरहेका छन् भने थेरवादी विहारको पनि संरक्षणको बलियो प्रक्रिया रहेको देखिँदैन । एकतन्त्री राणाकालीन समयदेखि जागरणको रूपमा अग्रसर भइआएको किन्डोलस्थित निर्वाणमूर्ति विहार पनि व्यक्तिगत आधिपत्यको लागि लालपुर्जासमेत लिइसकिएको कुराले धर्म र समाजको चिन्ता छ भन्ने प्रमाणित गरी समाजसेवी कहलाउने र धार्मिक संस्था एवं विहारमा जाने सबै नेपालीको लागि चुनौती भइदिएको छ । यसप्रकारको वास्तविकतालाई मनन गरी कमसे कम पनि बौद्धजगत्ले यस्ता क्रियाकलापलाई निरूत्साहित गरी आफ्नोपनको सम्पदा, संस्कृति, धर्म र समाजलाई अस्तित्वका साथ संरक्षण गरी आफ्नो गौरवमय परिचय प्रस्तुत गर्नु वाञ्छनीय छ ।

बुद्धधर्म कुनै साम्प्रदायिक धर्म होइन, यो मानवकल्याणार्थको व्यावहारिक धर्म हो । अनगारिका धर्मचारी र निर्वाणमूर्तिविहार बुद्धधर्मको मात्र प्रतिनिधित्व गर्ने नभै अन्धविश्वासरुपी कुरीति र अन्धकारलाई पन्छाएर नेपाली समाजमा नवचेतना जागृत भएको इतिहासको साक्षि पनि हो । यस पुस्तकले स्वस्थसमाज प्रतिपादनको लागि महिलाहरूमा प्रेरणा प्राप्त भइनै रहनेछ भन्ने विश्वास लिन सकिन्छ । सानै भएपनि कर्तव्यबोध गरिने खालका पुस्तकपुस्तिका प्रकाशित हुनुमा समाजको लागि कम देनको कुरा हुनेछैन । यो पुस्तिका यसै देनको सिलसिलामा उब्जिएको छ भन्ने मलाई लागेको छ ।

बु.सं. २५४० गोकर्ण औंसी

सुवर्ण शाक्य
ॐ बहाल, काठमाडौं

Downloaded from http://www.dhamma.digital

# प्रकाशकीय

दिवंगत अनगारिका धर्मचारी तथा अनगारिकाहरू विरती र विमुखासहित यस महापरिनिर्वाणमूर्ति उपासिकारामसम्बन्धी पुस्तक नेपालीभाषामा अनुवाद गरी प्रकाशित गर्नपाउँदा यस निर्वाणमूर्ति उपासिकाराम संरक्षण समितिलाई अत्यन्त खुसी लाग्नु स्वाभाविकै हो । यो महापरिनिर्वाणमूर्तिको स्थापना गर्ने विक्रमसम्बत् १९९१ सालमा अनगारिका हुनुभएकी धर्मचारी गुरुमांले किन्डोल विहारमा बस्दै विरती, विमुखा अनगारिका र प्रभा उपासिकासमेत चार जना मिलेर यहाँको जमिन खरिद गर्नुभै २००६ साल आश्विनपूर्णिमाको दिन यसलाई आसनमा स्थापना गर्नुभै सबैको श्रद्धा बटुलेर मन्दिर निर्माण सम्पन्न गर्नुभएको र २००८ साल कार्तिक २८ गते तत्कालीन श्री ५ युवराजाधीराज महेन्द्र वीर विक्रम शाहदेव सरकारको बाहुलीबाट समुद्घाटन सुसम्पन्न गरिबक्सेको हो ।

त्यस्तै यहाँको उन्नतिको क्रममा २०१९ सालमा त्यतिबेला स्थानीय तथा विदेशबाट पाल्नुहुने अनगारिका गुरुमांहरूलाई केही दिन बस्न कुनै आश्रम नभएको हुनाले सबै विशिष्ट श्रद्धालु महानुभावहरूको एक समूहबाट एउटा उपासिकाराम निर्माण गर्न उपासिकाराम निर्माणसमिति गठन गरियो र श्रद्धेय धर्मचारी अनगारिकाको मन्त्रयामबाट यो उपासिकारामभवन निर्माण पनि सम्पन्न भयो ।

भवन निर्माण भैसकेपछि सम्पूर्ण श्रद्धालु दाताबर्गको श्रद्धा अंकित शिलापत्र स्थापना गरी यस पुनीत क्षेत्रको संरक्षणको निम्ति संस्थापिका धर्मचारी अनगारिकाकै अध्यक्षतामा दाताहरूसमेत भएको एउटा निर्वाणमूर्ति संरक्षणसमिति गठन गरी यहाँका कार्यक्रमहरू सुचारुरूपले संचालन गरिराखेका सबै कुराहरू यस पुस्तकमा उल्लेख भएकै छ ।

Downloaded from http://www.dhamma.digital

पछि धर्मचारी, विरती र विमुखा तीनैजना अनगारिकाहरूले आफूहरू छँदैमा यो निर्वाणमूर्ति विहार उपासिकाराम र यस जग्गामा निर्माण गरिराखेका दुइवटा आवास अनि यस विहारको निम्ति भनी खरिद गरिराखेका जग्गाहरू सुरक्षित गरी गुरुमांहरूलाई पनि हेरबिचार गर्न त्यतिबेला अनगारिकासंघ नभएको हुनाले आनन्दकुटी दायकसभाका उपाध्यक्ष नाति शाक्य, उपकोषध्यक्ष बेखारत्न सिखाकार, सदस्यहरू तीर्थनारायण मानन्धर र रत्नबहादुर तण्डुकारसमेत चारजनालाई सुरक्षा र हेरविचार गर्न लिखत गरी जिम्मा दिइराखेको थियो । २०३४ सालमा धर्मचारी गुरुमां दिवंगत भैसकेपछि फेरि विरती गुरुमांको अध्यक्षतामा त्यस संरक्षण समितिले पूर्ववत् कार्य संचालन गरिराखेका थियो ।

ने.सं. ११०५ भाद्र कृष्ण द्वादशीको दिन विरती गुरुमां पनि दिवंगत भएपछि यस निर्माणमूर्ति उपासिकारामको काम चलाउन भनी राखेको जग्गाको लालपुर्जा धर्मचारीको नाति भन्ने बुद्धिमान तुलाधरले नाताप्रमाणपत्र लिई आफ्नो नाउँबाट लालपुर्जा बनाई बिक्री गरेपछि दायकसभाले त्यसउपर उजुर गरी मुद्दाको फैसला वदर गरिदियो ।

आनन्दकुटी दायकसभाका उपर्युक्त मानिसहरूले आफूले जिम्मा लिइसकेपछि आफैले तिरोतिर्ने र त्यहाँको रेखदेख गर्ने गरिराखेका मानिनिहरूवाट आफ्नो जिम्मेवारी पूर्णरूपले वहन नगरेको हुनाले पछिबाट त्यसमा २०४८ सालदेखिको तिरो बुद्धिमान तुलाधर तथा निजको भाइले घ्यांङगुठीका अधिकारवाला लामाकहा वाट तिरो तिरेर रसिद लग्यो भन्ने कुरा बुझिन आएपछि सो कुरा बुझ्न पूर्णरत्न वज्राचार्यको संयोजकत्वमा अर्को एउटा संरक्षण समिति गठन गरी त्यस विषयमा सोधपूछ गर्दा सो जग्गा २०५१ साल वैशाख २० गते अष्टमाया बनियाँको नाउँमा रैकर दर्ता भै लालपुर्जासमेत लिइसक्यो भन्ने कुरा पत्तालाग्यो ।

Downloaded from http://www.dhamma.digital

यसरी अनगारिकाहरूले जनश्रद्धा बटुलेर भगवान् बुद्धको महापरिनिर्वाणमूर्ति स्थापना गरी श्री ५ युवराजाधिराज सरकारको बाहुलीबाट समुद्घाटन सुसम्पन्न गरिएको, त्यसको शिलापत्र समेत स्थापना भैराखेको मन्दिर र अनगारिकाहरू बस्न बनेको उपासिकाराममा अनगारिकाहरू बसिराखेको ठाउँलाई पर्ती जमिन भनी लालपुर्जा खडा गरी धर्मचारीका हकवाला भन्नेहरूले धर्म लोपगर्ने नियत गरेको हुनाले पुन: श्रद्धेय धम्मवती अनगारिकाको अध्यक्षतामा संरक्षणसमिति पुनर्गठन गरी उक्त लालपुर्जाबाट कुनै खरिद बिक्री गर्न नहुने गर्न सम्बन्धित अड्डाहरू सबैठाउँमा निबेदन गरी लेनदेन रोक्का गराई अदालतमा लालपुर्जा बदर गर्न मुद्दा दायर भैसकेको छ ।

उक्त घटना भएपछि धर्मचारी गुरुमांप्रमुख सबै श्रद्धालुवर्गको कीर्ति लोप नगराउन कार्वाही चलाउन धर्मचारी गुरुमांको जीवनकालमा नै नेपालभाषामा लेखिएको वहाँको जीवनी पुस्तकले धेरै सहयोग गरेको र पछिपछि पनि यस विषयमा यथार्थ कुरो सबैलाई विदित गराइराख्न विशेषगरी यो पुस्तक नेपालीभाषामा हुनुपर्ने आवश्यक ठानेर श्रद्धेय गुरुमां कुसुम अनगारिकाज्यूबाट यसको अनुवाद भएको हो ।

यस विषयमा धेरै दौडधूप गरी अड्डाहरूमा धाउने र विशिष्ट व्यक्तिहरूसँग सम्पर्कराखी काम गर्नेहरूमा पूर्णरत्न वज्राचार्यको ठूलो तत्परता छ । त्यस्तै यस धार्मिक कीर्ति लोप नहुन लेनदेन रोक्का गराउनेतर्फ ललितपुर उपमहानगरपालिकाका नगरपुमख श्री बेखारत्न शाक्य एवं अन्य विभिन्न विभागका अधिकृत तथा प्रशासकीय अधिकृतज्यूहरू सबै धन्यवादका पात्र हुनुहुन्छ । त्यस्तै हाल यस संरक्षणसमितिलाई प्रत्यक्ष र अप्रत्यक्ष सहयोग गरिरहनुहुने धर्मरत्न शाक्य 'त्रिशूली' लगायत । सबै महानुभावहरूलाई पनि यो समिति धन्यवाद नदिई रहन सक्दिन । त्यस्तै यस पुस्तकका मूल लेखिका सुशीला शाक्य र अनुवादिका श्रद्धेय कुसुम अनगारिकाज्यूलाई तथा यो पुस्तकलाई आवश्यक संशोधन र प्रूफसमेत हेर्ने कष्टगरी सहयोग

Downloaded from http://www.dhamma.digital

गर्नुहुने प्रा.सुवर्ण शाक्यज्यूलाई पनि धन्यवाद नदिई रहन सकिंदैन ।

अन्तमा यथासमयमा पुस्तक तयार गरिदिने ॐ बहालको कान्तिपुर प्रिण्टिंग प्रेसलाई पनि धन्यवाद छ ।

Dhamma.Digital

बुद्धसम्बत् २५४०
भाद्र कृष्ण, द्वादशी

निर्वाणमूर्ति उपासिकाराम
संरक्षण समिति
किन्डोल, (स्वयम्भू)

Downloaded from http://www.dhamma.digital

“सब्ब दानं धम्मदानं जिनाति”

“सबै दानमध्ये धर्मदान उत्तम” यो बुद्धवचन हो । यहीं वचनअनुसार अनगारिका धर्मचारी जसले धर्मचक्षु प्रदान गर्नुभयो, जसले आमाले जस्तै वात्सल्य ममता गरेर शिक्षा, दीक्षा दिनुभयो उहाँ धर्मआमा (गुरुमांको, पुण्यस्मृतिमा निर्वाणको कामना गर्दै यो पुस्तक प्रकाशित गरेको छु ।

परिस्थितिलाई मिलाएर राणाकालमा पनि अनगारिका धर्मचारीले धरै शासना सहेर काम गर्दै जानुभएको कुरालाई बुझेर, जानेर, नारी भएरपनि कठिन परिस्थतिमा समेत चेतना जगाउनुपर्छ भन्ने कुरालाई जान्न यस पुस्तकले टेवा दिन्छ भन्ने आशागर्दछु ।

*विरती अनगारिका*

२०३५ फागुन २५. किन्डोल,
महापरिनिर्वाणमूर्ति, स्वयम्भू ।

Downloaded from http://www.dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

## जाग धर्मकर्मी हो !

जाग न जाग धर्मकर्मी हो, जाग न जाग हे धर्मवीर हो !
जुर्मुराएर जाग ।
रोक है रोक !
पाटी पौवा अतिक्रमण गरी बेची खानेलाई,
जिउ ज्यान वीर्यबलले, तन मन धनले
त्यस्तालाई निस्क्रिय पारौं है ।
कान्तिपुर, ललितपुर, भक्तपुर, कीर्तिपुरका
विश्वका बौद्ध धूरहरू जाग है ।
जाग एक जूट भएर, संपदा रक्षा गर्नु छ है ।
बुद्ध धर्म संघको विहार, पुर्खाहरूको विहार
हामी सबैको विहार, संभालिराख्नु छ है ।
बुद्धधर्मको शासन, रक्षा गरिराखौ है ।
त्रिसंघको विहार हाम्रो, संभालिराखौं है ।
सावधान ! सावधान ! सावधान !
विहार बहिल पाटी पौवा बेचिखानेहरूसंग ।

- पूर्णरत्न वज्राचार्य

Downloaded from http://www.dhamma.digital

बाल्यावस्था :

नेपालसम्बत् १०१८ साल लक्ष्मीपूजाको रातमा जन्मिएका शिशु भविष्यमा प्रगतिशील र क्रान्तिकारी अनगारिका बन्ला भन्ने कसले सपना देख्न सक्ला त्यस समयमा ! असन ध्याक्वछेँमा मानकाजिको कुल र रत्नमायाको कोखबाट जन्मिएका नवजात शिशुले भविष्यमा थेरवाद बुद्धधर्ममा, नारीहरूमा यसरी चेतना ल्याइदिन्छ भनी त्यस राणाशासनको समयमा कसलाई थाहाथियो ? त्यस चम्किला नवजात शिशुलाई लक्ष्मीनानी भनी नामकरण गरियो ।

लक्ष्मीनानी आमाबाबुको आठौं सन्तान थियो । लक्ष्मीनानीको एक दाजु र चार दिदीहरू थिए अनि एक भाइ । शुक्ल पक्षको चन्द्रमा जस्तै लक्ष्मीनानी बढ्दै गइन् । भविष्यमा के हुने हो त्यो कुरा लक्ष्मीनानीमा कलिलै उमेरदेखि झल्कन थाल्यो ।

परिस्थितिका दास हामीहरूले परिस्थितिसँग सामनागरेर जान नसकिने होइन । ती कुरा अनगारिका धर्मचारीको जीवनीवाट थाहापाउन सकिन्छ ।

नेपालको परिस्थिति त्यसवेला सर्वसाधारण जनताको लागि राम्रो थिएन । त्यसमाथि पनि नारीसमाजलाई त घाँटीमा ढुङ्गा झुण्ड्याए झैं थियो । नारीहरूले पढी साक्षर वन्न पाउँदैनथे । पुरुषहरूले पनि स्वतन्त्ररूपमा पढ्न अनुमतिसम्म नपाउने समय थियो । तैपनि "खाने मुखलाई जुंगाले छेक्दैन" भने जस्तै इच्छालिएकाहरूलाई कसैले पनि छेक्न सकेन । शिक्षाको आवश्यकता देखेर पनि वास्ता नभएको त्यस राणाकालमा शिक्षाको क्षेत्रमा विकास हुने नै कसरी ? जनताको मागलाई वास्ता नगरेतापनि, मननपराएतापनि नेपालमा शिक्षाको प्रचार हुन थाल्यो । शिक्षाप्रेमी जनताहरूले पढेर नै छाडे । यस्तै दृढ विचार भएका नेपालीहरूको जन्मले नै नेपालमा शिक्षाको विकास

Downloaded from http://www.dhamma.digital

हुन थाल्यो । लक्ष्मीनानी आमाबाबुको काखमा खेल्दा आठ वर्षकी भइन् । बिस्तारै यताउती खेल्न जाने भइन् । अरूहरूले काम गरेको देखेर, खेलेको देखेर उनीले त्यसको नक्कल गर्न सिक्न शुरू गरिन् र जुनसुकै काम पनि आफूले नजानेतापनि, अधुरो भएपनि गर्न थालिन् । "न मो वा गी श्व रा य" पढ्न सिकिन् । आमालाई काममा सघाउने पनि गर्थिन् ।

एक दिन लक्ष्मीनानीलाई मुगी किन्न पठाइयो । लक्ष्मीनानी सारै चलाख थिइन् । पैसालिएर दौडी दौडी कागुनदाइकहाँ मुगी किन्न गइन् । कागुनदाइ एक व्यापारी भएपनि शिक्षाप्रेमी व्यक्ति थियो । उनले चार पाँच केटाकेटीहरू जम्मागरी भन्दैथियो, " बच्चाहरू हो ! हेर तिमीहरूले यी पाँच अक्षर क ख ग घ ङ राम्ररी लेख्न सकेमा पाँच पैसा दिउँला, ल कसले लेख्न सक्छौ ?" लक्ष्मीनानी त्यहाँ पुग्नासाथ अक्षर लेखाउन प्रयासगरिरहेका व्यापारी कागुनदाइलाई हेरी टोलाएर उभिरहिन् । तिनीले मुगी किन्न आएको कुरासमेत बिर्सिन् र ठूला ठूला आँखा पारी अक्षरलाई हेरिरहिन् । लक्ष्मीनानीले मनमनै भनिन्, "यदि मलाई लेखाउन दिएको भए म लेखुँला" । अकस्मात् कागुनदाइको दृष्टि लक्ष्मीनानीमाथि पऱ्यो । "लक्ष्मी, तिमीले लेख्न सक्छौ ? क ख ग घ ङ यी पाँच अक्षर राम्ररी लेख्न सक्यौ भने पाँच पैसा दिउँला । लेख्ने ?" लक्ष्मीनानीलाई कुरा खोज्दा देउता भेटे जस्तै भयो । यति नै भनाउन खोजिरहेकी लक्ष्मीनानी । लक्ष्मीनानीले हत्तपत्त पाँचवटै अक्षर राम्ररी लेखिदिइन् । कागुनदाइको आँखामा लक्ष्मीनानीले लेखेको अक्षर आफूले लेखेको भन्दा पनि राम्रो लाग्यो । लक्ष्मीनानीको अक्षरले कागुनदाइलाई हर्षित तुल्यायो । कागुनदाइ खुसी भएर उनीलाई धन्यवाद दिँदै पुरस्कारस्वरूप गोलफुकी एक माना, सखर अलिकति र पाँच पैसासहित मुगी पनि दिइपठायो ।

लक्ष्मीनानी सावा अक्षर लेखी अरू केटाकेटीहरूलाई आफूले पुरस्कार लिँदै फर्केको मा अति नै हर्षित थिइन् । हत्तपत्त आफ्नी आमा रत्नमायालाई सम्पूर्ण घटना सुनाई आफूले

Downloaded from http://www.dhamma.digital

जितेको पुरस्कार पनि देखाइन् । शिक्षाप्रेमी लक्ष्मीनानीकी आमा रत्नमायाले आफ्नी छोरीको प्रतिभा देखी खुसीले विभोर भइन् र मुखबाट यसरी प्रकट गरिन्, "धन्य मेरी छोरी, तिमीलाई भोलिदेखि नै त्यहाँ पढ्न पठाउँला" । तर, परिस्थितिले लक्ष्मीनानीले मनले चिताएजस्तै पढ्न दिएन । शिक्षाप्रेमी लक्ष्मीनानीलाई आमा रत्नमायाले साँवा अक्षर र वर्णमाला पढ्नमा धेरै सहयोग दिइन् । यताउती किताब खोजी पढाउन दिनमा धेरै प्रयास गरिन् ।

## वैवाहिक जीवन :

त्यसबेलाको अवस्था, शिक्षाको अभाव, त्यस बेलाको रितिअनुसार लक्ष्मीनानीलाई ११ वर्षको उमेरमा इटुम्बहालका महावीरसिं र ज्ञानीथकुंका छोरा सेतेकाजीसँग बालविवाह गरिइयो । दिन बित्यो । रात बित्यो । लक्ष्मीनानीका दिनहरू एक बुहारीको रूपमा बित्दै गयो । ११ वर्षकी लक्ष्मीनानीको जीवनले क्रमशः आज भन्दै भोलि भन्दै यौवनावस्थामा पदार्पण गर्‍यो । अब उनी १८ वर्षकी भइन् ।

यौवनले पूर्ण भएकी लक्ष्मीनानीले १८ वर्षको उमेरमा एक पुत्रलाई जन्म दिइन् । आफ्नो पुत्रलाई वात्सल्यप्रेम दिई काखमा खेलाउँदा खेलाउँदै १८ महिना बित्यो । १८ महिना पुगेको बालक केदारमानसिंको हिसिपरेको स्वभाव हेर्दै आनन्दको अनुभव गरिरहेको लक्ष्मीनानीलाई एक दिन शिरमा बज्र खसे भैं भयो । अनित्य संसारमा प्रियसँग वियोग हुनुपर्ने स्वभावनुसार आफ्नै प्रिय पुत्रको एक दुई पटकको बान्ता हुनुले नै मृत्यु भयो । उनको मातृहृदय छियाछिया भयो । मातृसंसार अन्धकार भयो । बाध्य भएर धैर्य गर्नुसिवाय उनीलाई अरू कुनै उपाय रहेन ।

दोस्रो पटक गर्भवती भएकी लक्ष्मीनानीले दुःख सुखको सामना गर्दै जीवन यापन गर्दै गइन् । गर्भ सात महिनाको भयो । लक्ष्मीनानीलाई एक्लो पारेर उनका पति सेतेकाजीको

Downloaded from http://www.dhamma.digital

स्वर्गवास भयो । लक्ष्मीनानी विधवा भइन् । उनको हृदयमा विरहाग्नि दन दन बल्यो तरपनि गर्भको शिशुको रक्षाका लागि अत्यन्त वेदना सहेर आँसुसँग गाँसटिप्दै रहिन् । गर्भ दश महिना पुगेपछि छोरीको जन्म भयो । आँसु नै सुकिसेकी लक्ष्मीनानीले शिशु छोरीलाई अँगालोमा च्यापी आफ्नो पतिको काजक्रिया सिध्याइन् ।

दिन बित्दै गयो । छोरी लक्ष्मीदेवी ८ वर्षकी भइन् । एक दिन आमा र छोरी घरमा बसिरहेको बेलामा बाहिरबाट चिच्चाहटको स्वर सुनियो । कुनै विपतको आवाज जस्तो लागी छोरीलाई डोऱ्याएर लक्ष्मीनानी आफ्नो फरिया सँभाल्दै हतार गरी आवाज आएको घरसम्म दौडिन् । त्यहाँ लक्ष्मीनानीले देखिन् चार वर्षको एक बालकलाई आगोले पोलेर छटपटाइरहेको । त्यस बालकले लगाइराखेको लुगा सम्पूर्ण दनदन बलिरहेको थियो । त्यहाँ कसैले पनि बालकको अगाडि गई उनलाई अगोबाट बचाउन आँट गरेनन् । त्यहाँ उपस्थित कोही किंकर्तव्यविमूढ भई रहेका थिए भने कोही चिच्याई चिल्लाइ कराइरहेका थिए । लक्ष्मीनानीले यो भंयकर दृश्य हेरिरहन सकिनन् । चीलले चल्ला छोपे झैं उनीले बलिरहको बालकको जीउमा एउटा अर्कै कपडाले झ्याप्प छोपी आगो निभाइदिइन् । त्यसपछि धुवाँ निस्किराखेको बालकको शरीरको कपडालाई च्यातचुत पारी फुकाई बालकलाई आफ्नो अँगालोमा लिइन् र उपचारको लागि उनका आमाबाबुलाई सल्लाह दिई घर फर्किन् ।

लक्ष्मीनानीले त्यस बालकको जीउको आगो निभाएको बेलामा आफूसँगै डोऱ्याई च्यापिराखेकी छोरीलाई छोड्न बिर्सेकी थिइन् । छोरीचाहिँको डरले सातो गएको थियो । आफ्नो शरीरमा पनि यताउती आगोले पोलेको पछिमात्र थाहाभयो तर परोपकारी लक्ष्मीनानीले आफ्नो शरीरमा पोलेको केही वास्तागरेनन् । उनको डरले सातो गएकी छोरीलाई जरो आउन थालेको थियो । उनीको शरीरको कुनै भागमा खटिरा देखिन थाल्यो । केही दिनपछिनै छोरीको शरीरमा देखापरेको खटिराले

Downloaded from http://www.dhamma.digital

बिफरको रूपलियो । उनको हालतले छोरीलाई औषधिमूलोसम्भ गराउन सकेनन् । बच्ची सिकिस्त भइन् । मातृहृदय विचलित भयो । असह्य वेदना भयो तर आखिर आठ दिनपछि बच्चीले यस नरदेहलाई त्याग गरिन् ।

पति वियोगले छट्पटाइरहेकी लक्ष्मीनानीलाई छोराले जस्तै छोरीले पनि छोडेर जाँदा असह्य वेदनाले घेर्नु स्वाभाविक थियो । उनको धैर्य टुट्यो । उनी मूर्छित भइन् । उनीको लागि संसार शून्य भयो । हृदयमा दु:खी नारीहरूको कथा तैरिन थाल्यो । जीवनदेखि निराश हुन थाल्यो । उनको हृदयमा विरक्तिले बास लियो ।

यसपछि लक्ष्मीनानीको जीवनमा ठूलो परिवर्तन आयो । एकपछि अर्को घटना जोडियो । यस्तै असामान्य घटनाहरूले उनलाई भिक्षुणी गराइदियो ।

## धर्मअन्वेषिका लक्ष्मीनानी :

अनेक दुर्घटनाले ग्रस्त भई दु:खी भएकी बुहारी लक्ष्मीनानीलाई सान्त्वना दिई उनको मन शान्त गर्न उनका आफन्तहरू जेठान भाउजुहरूले यथाशक्य कोशिश गरे । मुटुमा ठूलो चोट लागेकी लक्ष्मीनानीले आफन्तको सान्त्वना पाएर आफ्नो दु:खलाई बिर्सने कोशिशतिर लागिन् । बुद्धका उपदेश मनमा खेलाउन थालिन् । उनीले अष्टमीव्रत बस्ने निर्णय गरिन् । जहानपरिवार सबैले उनको इच्छापूर्तिमा सहानुभूति राखी उनको धर्मकार्यमा सघाए ।

दिन बित्दै गए । नेपालसम्बत् १०४० मा लक्ष्मीनानीले मञ्जुश्रीपर्वतमा रहेका पोतला लामु सँग "बुद्धशिक्षा" (दण्डवत्, जप, रत्नमञ्जर र वज्रसत्व) प्राप्त गरिन् ।

Downloaded from http://www.dhamma.digital

त्यो बेला राणाहरूको निरंकुश शासनकाल थियो । लक्ष्मीनानीले पाएजतिको शिक्षा प्राप्त गर्न पनि त्यस समयमा सजिलो थिएन । जनताहरू शिक्षित भएमा आफ्नो शासनमा बाधा उत्पन्नहोला भनी थरथर कामिरहेकाहरूका अगाडि लक्ष्मीनानीले महिला भएपनि केही त सिकेर लिइन् । मै खाऊँ, मै पिऊँ, मै लाऊँ भन्ने राणाहरूको उडुस, उपियाँ र लामखुट्टे जस्तो अर्काको रगत चुसेर बाँचिरहेकाहरूको शिक्षा प्रचारविरोधी तत्परतालाई नै ढांक दिएर समयको मागअनुसार अरू उत्साहीहरूको साथै उनीले शिक्षा हासिल गरेरै छाडिन् ।

यसै क्रममा ने.सं. १०४२ मा लक्ष्मीनानीले हर्षरत्न गुरुजुबाट पहिलो पटक अष्टमीव्रत लिइन् । उनको धर्ममा श्रद्धा झन्झन् बढ्न थाल्यो । पढेर, जानेर लक्ष्मीनानीले आफूले जाने जस्तै धर्मका कुराहरू प्रचार गर्न थाले । साथीहरूलाई जम्मापारी आफूले जानेका धर्मका कुराहरू सुनाएर जनतामा चेतना ल्याउने कोशिस शुरू गर्न थालियो ।

धर्मसम्बन्धी ज्ञानहरू प्रचार गर्न एक समूह सकृय हुन थाल्यो । त्यस बेलाको निरंकुश शासनको समयमा यस प्रगतिशील समूहले एक ठाउँबाट अर्को ठाउँमा धर्मका ज्ञानहरू सुनाई जनताहरूमा चेतना जागउने कार्य गर्न थाल्यो । लक्ष्मीनानीले पनि यस कार्यमा ठाउँ ठाउँमा जनाताहरूलाई उपदेश, ज्ञान दिई सहयोग गरिन् । नेपालसम्बत् १०५० को त्यस समयका क्रान्तिकारी र प्रगतिशील समूहको मुख्य नायक अर्थात् अगुवाहरूको नामावली यसप्रकार थियो :

१. श्री दशरत्न (स्व. धर्मालोक महास्थविर)
२. श्री साहू भाजुरत्न
३. श्री कुलबहादुर मानन्धर र
अन्य ६५ जवान ।

Downloaded from http://www.dhamma.digital

जहाँनिया राणाकालमा नारी केवल भोगविलासको साधन जस्तोमात्र थियो । नारीको इज्जतलाई, खुट्टाले कुल्चन्थ्यो र ठुटा चुरोट जस्तै फालिन्थ्यो । नारीहरूले अक्षर पढ्न हुँदैनथ्यो । शिक्षित बन्न हुँदैनथ्यो, ज्ञानबृद्धि गर्न हुँदैनथ्यो । नारी मात्र पुरुषहरूको कठपुतली जस्तै थियो । नारीहरू बाहिरी समाजमा अन्धो जस्तै हुनुपर्छ भन्ने त्यसबेलाको समाजका नारीहरूप्रति कडा नियम थियो । यता राजनैतिक क्षेत्रमा नारीहरूमा चेतना आउला भनी शोषणव्याप्त गरिराखे जस्तै सामाजिक क्षेत्रमा पनि नारीहरू शिक्षित भए भने बोक्सी बन्छन् भन्ने मिथ्याधारणा प्रचार गरी नारीहरूलाई घरभित्रै सीमित गरी घरगृहस्थीको काममा मात्र सीमित गराइराखेको त्यो समय थियो ।

लक्ष्मीनानी नेवारजातिकी नारी भएर पनि लेखपढ गरी धार्मिक उपदेश प्रचार गरिरहिन् भन्ने कुरा श्री ३ शमशेरको कानमा पुग्यो । यो सुनेर श्री ३ चन्द्रशमशेर रिसले चुर्लुम्म भएर राता आँखा पार्दै दाह्रा किट्न थाल्यो । तुरुन्तै चन्द्रबहादुर कप्तानलाई हुकुमपूर्जी दिएर सामूहिक धार्मिक कार्य भइरहेको ठाउँमा पठाइयो । हुकुम पूर्जी साथमा लिई जाने चन्द्रबहादुर कप्तानले लक्ष्मीनानीसहित दानमायालाई पनि त्यसबेला लाठसाहेब भइरहेका जुद्धशमशेरकहाँ हाजिर गर्न जावलाखेल लगियो ।

नेपालीभाषा नजान्ने लक्ष्मीनानीसँग हाकिमले सोध्यो "किन्डोल डाँडामा नारी भएर पनि कथा भन्दै हिँड्ने तिमी नै हौ ? "

हाकिमले आँखा तरेर हेरेतापनि कुनै पर्वाह नगरी निर्भीकतापूर्वक लक्ष्मीनानीले जवाफ दिइन्, "कथा भन्ने काम त गुरुजुको हो तर वहाँको स्वर सुकेको ले मैले भनिदिएकी मात्र हूँ । अरू केही बिराएको जस्तो लाग्दैन ।"

Downloaded from http://www.dhamma.digital

उनको जवाफले हाकिमलाई बलिरहेको आगोमा घिउ हाले झैं भयो । आँखा रातो पार्दै, दाह्राकिट्दै, रिसले आगो भएर उनले भन्न थाल्यो, "त्यो के को कथा हो ?" " ललितविस्तरको कथा " । नरम र शान्तपूर्वक लक्ष्मीनानीले जवाफ दिइन् । रिसले आगो भएका हाकिमले यताउती ओहर दोहर गर्दै भन्यो, "यो कस्तो जमाना आयो ! स्वास्नीमानिस भएर , अक्षर पढेर कथा भन्ने । स्वास्नीमान्छे भएर पनि कथा भन्दै हिंड्ने त ? हेर, आइन्दा अक्षरपढ्न पाउनेछैनौ, कथा भन्दै हिंड्नपाउनेछैनौ कथा पढ्न पनि पाउनेछैनौ बुझ्यौ ?"

हाकिमका यी तिरस्कारपूर्ण कर्कश शब्दहरू सुनेर लक्ष्मीनानीले आफूले आफैलाई सम्हाल्न सकिनन् । उनको मनमा अनेकन कुराहरू उम्लिन थाले । ती भावनाहरू कसरी व्यक्त गरूं, कसरी पोखूं भन्ने सोच बिचारै नगरी उनींले प्रत्यक्षरूपमा नै यसरी भनिन्, "त्यसो भए यस दरबारमा पनि रानी बडामहारानीहरूले अक्षर पढ्न पाउँदैनन् त ? उनीहरू पनि त नारीहरू नै हुन् । हामीहरूले मात्र पढ्न नपाउने के कारण ?"

यसप्रकारका शब्दहरू लक्ष्मीनानीवाट आउला भन्ने हाकिमले चिताएकै थिएन । हाकिमको हृदयको तापक्रम सय डिग्री नै नाघे जस्तो भयो । उनीहरूले लक्ष्मीनानीलाई आगोको झिल्को नै संम्झे तर गर्ने के ? आखिर आगोलाई जति फुक्दै गयो उति बढ्दै जाने संझेर हाकिमले आफ्नो रिसलाई जबरजस्ती थामेर यसरी भन्यो, "पढ्न पनि हुन्छ, भन्न सुनाउन पनि हुन्छ । यसरी वाहिर पढेर सुनाएर हिंड्न हुँदैन । आफ्नै कोठामा मात्र सीमित गर्नुपर्छ । ल जाऊ" भनी छोडिदियो । दानमायासँग लक्ष्मीनानी खुसी भएर फर्किन् । नहुने नचाहिने काम नगरेको मा किन डराउने ? यस्तो कार्य कहिले पनि छोड्नुहुँदैन भन्ने धारणा लिएर लक्ष्मीनानी आफ्नो लक्ष्यमा अग्रसर हुँदै रहिन् । कथा उपदेश सुनाउँदै रहिन् ।

Downloaded from http://www.dhamma.digital

## लक्ष्मीनानीको संघर्षमय जीवन

धार्मिक उपदेश दिँदै अष्टमीव्रत बसेर अनेक धारणी स्तोत्र पढ्दै लक्ष्मीनानी धर्ममा मनलगाएर पूजा गर्दै हिँडी । नेपालसम्बत् १०५१ मा लक्ष्मीनानीको घरमा देवाली थियो । आफ्नो कुलपरंपरानुसार देवालीमा बलिपूजा नै सबभन्दा ठूलो विधि हुन्थ्यो । त्यस देवालीमा कुलदेवतालाई बोकाबलि नदिइनहुने थियो । सत्कर्ममा लागेकी र धर्मको कुरा बुझिसकेकी लक्ष्मीनानीलाई बोका काटी हिंसा गर्ने नियम मनपरेन । त्यो हिंसाकर्म कसरी रोक्ने होला भन्नेतिर सोच्दै रातभरी उपाय खोजिरहिन् । आफूभन्दा जेठाहरूको अगाडि जान्ने भई भनी उल्टो दोष लगायो भन्ने के गर्ने ? सद्धर्ममा लागेर अफ्नै घरमा आफ्नै अगाडि बोका काटेको कसरी हेरिरहने ? यस्ता नाना प्रकारको विचार सँगसँगै रात बित्यो । बोका बलिदिने काम रोक्नका लागि घरका जेठापाकाहरूको अगाडि नै अनुरोध गर्ने दृढनिश्चय गरिन् ।

हुनपनि परंपरादेखि चल्दै आएको धार्मिक विधिमा कसरी हस्तक्षेप गर्ने ? हस्तक्षेप नगरौं पनि कसरी ? लक्ष्मीनानी उपासिकाले यसलाई एक्कैचोटि रोक लगाउनमा पनि उचित ठानिनन् तर हिंसागर्ने परम्परालाई हटाएर अर्को नयाँ परम्पराको सुरुवात गर्नका लागि अनुरोध गर्ने कुरामा निश्चित गरिन् । बिहान भयो । समय नजिकियो आयो । घरमा थकालीहरू जम्मा हुन थाले । पुरानो परंपराविरुद्ध लड्ने अगुवा, निडर, कान्तिकारी लक्ष्मीनानीले थकालीहरूको अगाडि गई यसरी विन्ती गरिन्, "मान्यजनहरू, भूल भए क्षमापाऊँ । हाम्रो यो देवाली जस्तो शुभकार्यमा बोकाबलि चढाउने काम नगरे राम्रो होला । अर्काको ज्यान लिई धर्म ठान्नु राम्रो होइन जस्तो लाग्छ । प्राणीहिंसा नै सबभन्दा ठूलो पाप हो भनिन्छ । यही प्राणीहिंसाले गर्दा रोग भय पनि हुने हो । यदि घरघरमा प्राणीहिंसा गर्ने कार्य बन्दगरिदिएमा रोग भय शान्त हुनेछ"।

Downloaded from http://www.dhamma.digital

त्यसबेला पुरानो संस्कृतिको विधिलाई हटाउनुहुँदैन भन्ने पक्षका थकालीहरूले यसरी जवाफ दिए, "यसो भनेर कहाँ हुन्छ र बुहारी ? कुल परम्परादेखि चल्दै आएको धर्म हामीहरूले म्हास्न हुँदैन । यो कुरा हुन सक्दैन । गर्दै आइरहेको पूजा रोक्दा बन्द गरिंदा कुलदेवता कोप हुनेछ ।" यसरी सम्पूर्ण थकाली गुठ्यारहरूले जवाफ दिएपछि लक्ष्मीनानीले फेरि भनिन्, "हुन त बुहारी हूं तैपनि यस परिवारको सदस्य पनि हूं । मैले कुनै भूल गरेकी भए माफ गरिदिनुहोला । "अहिंसा परमो धर्म" अहिंसा नै सत्य धर्म हो । अहिंसाधर्ममा देवदोष आउला भन्ने केवल मिथ्याधारणामात्र हो । यसप्रकारको मिथ्याधारणामा हामीले लाग्नु उचित हुँदैन । यस्ता कुरामा हामीले परिवर्तन ल्याउनुपर्छ । यसरी दोष आउला भनी शंका लिइरहेमा समाजमा परिवर्तन कहिल्यै आउँदैन । यस्ता कुरामा देवदोष आउँदैन । समाजको डर भए पन्छाउनुहोस् । देवदोष र अवगाल सबै नै म थापेर लिन्छु ।

बुहारीको यस्तो साहसपूर्ण कुरा सुनेर सबैको मनमा उनीको कुरा सही जस्तो लाग्यो तर पनि देवदोषदेखि साह्रै डराइरहेका थिए । कुलपरम्मरानुसार चल्दै आइरहेको काम अहिलेसम्म कसैले पनि रोकेको छैन भने यसै परिवारले मात्रै कसरी रोक्ने भन्ने विचारले थकालीहरू संकटमा परे । अनावश्यक कुरालाई कसैले पनि परिवर्तन नल्याउने भए कोशिश नगर्ने भए समाजमा कसरी परिवर्तन आउला, कहिले परिवर्तन आउला ? त्यही भाँडा त्यही वर्तन, समय परिस्थिति संगसंगै काम कुरो परिवर्तन नभएमा समाज कसरी नवीकरण हुनसक्ला ? परिस्थिति सुहाउँदो व्यवहार पनि त प्रयोग गर्दै लानुपर्छ । यस्तो कार्यमा पिछडिएको समाजले त्यसलाई एक दिन अवश्य धिक्कार्नेछ त्यसैले तिरस्कारलाई नाघेर समाजसंग सामना गर्नु परिवर्तन चाहनेको कर्तव्य हो । आखिर त्यही समाजले यस नियमलाई एक दिन स्वीकार्ने नै छ भन्ने कुराहरूले लक्ष्मीनानीको हौसलालाई जगायो ।

Downloaded from http://www.dhamma.digital

यस्तै समाज भनेको बलिरहेको आगो ताप्ने जमात हो । समाजमा पाकिरहेको फल टिपेर खाने हुन्छ । हुनेखानेको बोलबाला हुने समाजमा हामी सबैले मिलेर दुःख सहेर भएपनि यस क्रान्तिकारी कार्यमा हात हाल्नैपर्छ । पुरानो धारणा भएका व्यक्तिहरूको इज्जतमा दागलाग्ला भनेर डराउनु उचित छैन, यस कार्यले त इज्जत झन बढ्नेछ । सभ्यसमाजले यस कार्यलाई स्वागत गर्नेछ । प्रगतिशील र विद्वान्हरूले यसलाई इज्जत मान्नेछन् । प्रशंसा गर्नेछ । पछि आउने पिँढीहरूको लागि सन्मार्ग खुल्ला हुनेछ र उनीहरूले आशीर्वाद दिनेछन् । यस कुरामा दृढनिश्चयी लक्ष्मीनानीले बुहारी भएर पनि निर्भीक भई थकाली घरमूलीहरूको अगाडि यस्ता कुराहरू भन्न सकेकी होलिन् । लक्ष्मीनानीको दृढनिश्चितको कुरा सुनेर सबै थकालीहरूको मनमा सत्यको आलोक छायो । तब थकालीहरू सबैले निराकार ईश्वर पुकार्दै घुँडाले टेकेर "किसली" (माटोको पालामा चामल सुपारी दक्षिणा राखेर) चढाए, "हे ईश्वर, परमेश्वर, हे इष्टदेवता, हामीहरूलाई केही थाहाछैन । यी बुहारीको कुरा सुनेर हामीले बोका बलि नचढाउने निर्णय गर्‍यौं । यसमा केही भूल भए बुहारी लक्ष्मीनानीले थापेर लिनेछिन् । हे परमेश्वर ।" भनी पुकार्न लागे । दुइटै हात जोडेर थकालीहरूले ईश्वरसँग माफी मागिरहेको हेरेर निसंकोच उभिरहने लक्ष्मीनानीको खुसीको सीमाना नै रहेन । उनीको हृदयमा प्रसन्नताका फूल फुल्न थाल्यो । खुसीले सबैलाई दर्शन ढोग गरे । बोकालाई प्राण बचाएर फेरि सबैसँग आफ्नो प्रस्तावको माफी मागिन् । प्राण बचाएको बोकालाई पनि पाल्न लगाइयो । बोकाको प्राण बचाएको मा मानों आफ्नै जीवन बचेको जस्तो लक्ष्मीनानीलाई लाग्यो ।

लक्ष्मीनानीको जीवन अब धर्मकार्यमा नै बित्न थाल्यो । यस अवधिभित्रमा विभिन्न प्रकारका बाधाहरू आए । एउटी नारी भएर यसरी धर्म जागृत भइन् भनी दाह गर्नेहरू कतिले उनीको बाटो छेक्न आए । नारीहरू अघिसरे भने संसार डुब्छ भन्ने अन्धविश्वासका कुरालाई पल्टाख्वाई लक्ष्मीनानी अघिसरिन् ।

Downloaded from http://www.dhamma.digital

वि. सं. १९९० सालमा नेपालमा महाभूकम्प गयो । नेपालका धेरै जनताहरूको जनधन नोक्सान भयो । घरबार विहीन भए । भोकै रहे । स्वस्थ लक्ष्मीनानीको हृदयले यसलाई हेरिरहन सकिनन् । लक्ष्मीनानीले आफ्नो पसलमा रहेको चामल चिउरा धमाधम आफ्नो टोलका छरछिमेकीहरूलाई बाँडिदिइन् । छिमेकीहरूको बचेका बालबच्चाहरूलाई पनि आफ्नो पसलमा बाकीरहेका चिउरा बाँडिदिइन् । उनीको पसलमा सामानहरू घट्दै गए ।

यसै समयमा एउटा कुरा सुन्न पाइयो । हवाइजहाजबाट कर्मशील (प्रज्ञानन्द महास्थविर) नेपालमा आउनुभयो रे । वहाँलाई सबै मिलेर किन्डोलमा निवास गराइयो । नेपालको सबभन्दा पहिलो महास्थविर वहाँले १९८६ नेपालसम्वत्मा धर्मोपदेशको सिलसिलामा भन्नुभएको थियो, "हाम्रो देशमा पनि क्रान्ति ल्याउन केही समय लाग्ला तर अहिले 'बिउ' त पाएं ।"

वहाँले यस्ता विभिन्न कार्यमा संलग्न भइरहनेहरूलाई प्रोत्साहन दिनुभयो । बिस्तारै मानिसहरूमा धर्मको चेतना जाग्दै आयो । मानिस शिक्षित हुँदै आए ।

## त्यागी बाटोमा लक्ष्मीनानी

काठमाण्डौं उपत्यकामा रहुञ्जेलसम्म त्यागी हुनु (अनगारिका) प्राय: असम्भव जस्तै भएको ले लक्ष्मीनानीसहित ज्ञानदेवी, शीलप्रभा र सानुनानी तीनै जनाले साहसपूर्वक उपत्यकाबाहिर जानका लागि ठाडो चन्द्रागरीको उकालो लागे । त्यसबेलाको परिस्थितिको दृष्टिकोणबाट हेरेमा यो कार्य साह्रै नै कठिन थियो । तीमध्ये तीनै जनासँग पनि राहदानी थिएन । ठाडो चन्द्रागिरी डाँडामा उकालो ओरालो गर्दा थाक्नुले सोतरम्म गऱ्यो । कमलो खुट्टा त्यसमाथि पनि हिँड्ने बानी नभएका, तर गर्ने नै के, आ-आफनो लक्ष्यलाई कसैले पनि त्याग्न सकेनन् ।

Downloaded from http://www.dhamma.digital

राहदानी हुने लक्ष्मीनानी एकजनाले सबैलाई बरोबर धैर्य दिँदै लगिन् ।

बल्लतल्ल चन्द्रागिरी पहाड नाघिसकेपछि केही आरामले शास फेरिसकेका उनीहरूको अगाडि "चिलन" डाँडा अगाडि उभिरह्यो । चिलन डाँडा नाघिसकेपछि थकाइले सताएका उनीहरूलाई सिंढेनून पानी उमालेर लक्ष्मीनानीले खुट्टा धुन लगाइन् । थकाइ लागेका आफ्ना साथीहरूलाई जिउ मिच्दै भरोसा र धैर्य दिँदै यसरी गीत रचेर सुनाइन् -

हे धिर्ज छंके करजोरि बिन्ति ॥
छंगु भरोसाय् च्वना सहस्र कोटि ॥१॥

छंगु सुगुनं जक चित्त स्थिर ॥
जुइगु खन न्हां थुगु जन्मभर ॥२॥

सुखादि दु:खय् प्रत्येक कार्यय् ॥
छं ब्यूगु हाय, गुलि भिंगु धिर्ज ॥३॥

ध्व फुक्कयागु अनुभवी जुइगु ॥
थुगु जन्मयागु मदु मेगु भिंगु ॥४॥

हे धिर्ज छंके करजोरी बिन्ति ॥
छंगु भरोसाय् च्वना सहस्र कोटि ॥५॥

यसरी धैर्य गर्दै गढीअड्डा भन्ने ठाउँमा पुग्दै बिस्तारै भीमफेदी पुग्यो । भीमफेदीबाट वीरगंजमा पुगेपछि त्यहाँ कर्मशील भन्ते र धर्मालोक भन्ते (बरां साहू वा दशरत्न साहू) रामगोपाल अनि सांगे दोर्जेसंग भेट भयो । त्यहाँ दु:ख सुखका कुरा गरिसकेपछि सबैजना कुशीनगरतर्फ लागे । कुशीनगर पनि मुस्किलले पुग्यो ।

Downloaded from http://www.dhamma.digital

गुरु चन्द्रमणि त्यसबखत कुशीनगरमा रहनुभएको थियो । कुशीनगर पुग्नासाथ गुरु चन्द्रमणिले उनीहरूलाई स्वागत गर्नुभयो । त्यसपछि उनीहरूलाई यसरी भ्रमण गर्नुको कारण सोध्नुभयो । जवाफमा लक्ष्मीनानी भन्छिन्, "हामीहरू सबै प्राणीहरूप्रति करुणा राख्न घर छोडेर आएका हौं । " लक्ष्मीनानीको निर्भीक र साहसपूर्ण जवाफ सुनेर गुरु साह्रै नै खुसी हुनुभयो । त्यहाँ महिलाहरूमात्र एउटै च्याउनमा* बसे । अरू भिन्दै च्याउनमा बसे । त्यसपछि कुशिनगरबाट अरकन्ना प्रस्थान गर्ने निर्णयगरी जिनानन्द भिक्षुसहित भोजन सिध्याएर लक्ष्मीनानी, संघपाली, दानमाया, शीलप्रभा, सानुनानी, बुद्धरत्न, हर्षमाया, दशरत्न, कर्मशील भन्ते, सांगे दोर्जे र नन्दगोपाल सबैजना अरकन्नातर्फ लागे । एक दिन कलकत्तामा बसेर त्यहाँबाट चट्टागाउँमा पुगे । चट्टाग्राम (आजकाल बंगाल) पुगेपछि त्यहाँबाट बर्माजाने कुरामा छलफल भयो । त्यहाँबाट बर्मा पनि पुगे । यसप्रकार नारीहरूलाई ढोकाको संघारसम्म पनि नाघ्न नदिएको, कठिन समयमा एक गाउँबाट अर्को गाउँ, एक नगरबाट अर्को नगर पुग्नु भनेको कठिन कुरा हो । त्यसपछि कुशीनगरबाट अरकन्ना प्रस्थान गर्ने निर्णयगरी जिनानन्द भिक्षुसहित भोजन सिध्याएर लक्ष्मीनानी, संघपाली, दानमाया, शीलप्रभा, सानुनानी. वुद्धरत्न, हर्षमाया, दशरत्न, कर्मशीलभन्ते, सांगेदोर्जे र नन्दगोपाल सबैजना अरकन्नातर्फ लागे चट्टाग्राम ( आजकल बंगाल) पुगेपछि त्यहाँबाट बर्माजाने कुरामा छलफल भयो । त्यहाँवाट वर्मापनि पुगे । यसप्रकार नारीहरूलाई ढोकाको संघारसम्मपनि नाघ्ननदिएको, कठिन समयमा एक गाउँवाट अर्को गाउँ, एक नगरबाट अर्को नगर पुग्नु भनेको त्यस समयको कम शाहसको काम थिएन । त्यसमाथि पनि कम उमेरकाहरूका लागि छोटो यात्रा थिएन । त्यसबाट पनि एक रात पानीजहाजको यात्राबाट अरकन्ना पुगेको ।

---

*च्याउन भनेको महिला, पुरुष वा उपासक उपासिकाहरू बस्ने कुटी । यस कुटीमा नरिवलबोटको काठले छाना छाएको हुन्छ ।

Downloaded from http://www.dhamma.digital

अरकन्ना पुगेपछि त्यहाँका बासीन्दाहरूले नेपालका बुद्धका अनुयायीहरू आएको सुनेर खुसी हुँदै त्यहाँका सबै उपासक उपासिकाहरूले स्वागत गर्नका लागि बसमा बसेर आए । सबैजनालाई च्याउनमा बस्न दिइयो । सबैलाई हातगोडा धुन दिई जलपान गराइयो । भोजन सिद्धिसकेपछि भिक्षु महाप्रज्ञा पनि बर्माबाट त्यहाँ आइपुग्नभयो । त्यसपछि गुरु चन्द्रमणिका गुरु महावीरबाबाले नेपालीहरूको शाहसपूर्ण भ्रमण नजर गर्नुभई खुसी हुनुभएर धन्यवाद दिनुभयो ।

अरकन्नामा त्यहाँको नियमअनुसार दिनको एक छाक भोजन भिक्षा मागेर खानै पर्ने । हाम्रो नेपालमा जस्तै चामल अर्थात् काँचो बस्तु दान दिने नियम त्यहाँ थिएन । त्यहाँ पाकिसकेको भोजन दान दिने गरिन्थ्यो । यसरी पाकेको भोजन भिक्षा लिन जाँदा लक्ष्मीनानीलाई साह्रै अप्ठ्यारोको अनुभव भयो किनभने आफूले पहेँलो लुगा (त्यागीवस्त्र) लगाएको थिएन । गृहस्थीवस्त्र लगाएर दिनका दिन भिक्षा माग्न जानुपर्ने । यो कार्य लक्ष्मीनानीलाई त्यति मनपरेन । त्यसैले गुरुसँगै भिक्षुणी हुने अनुरोध गरिन् तर गुरुले धार्मिक शिक्षा धेरै सिकिसकेपछि मात्र दीक्षा दिने कुरा गर्नुभयो । त्यसैले तुरुन्तै बाह्र वर्षकी दानमाया दश वर्षकी शीलप्रभा, आठ वर्षकी सानुनानीसहित सबैले अध्ययन शुरू गरे । विदेशी भाषाले पढ्नुपर्ने भएको ले अलि गाह्रो भयो । त्यसैले उनीहरूले चिताए जस्तै तुरुन्तै भिक्षुणी हुनपाएनन् । वाध्यभएर सारी लगाएरै भएपनि भिक्षा माग्न जानुपऱ्यो ।

नेपालसम्वत् १९९१ मा लक्ष्मीनानी कलकत्ता पुगेर त्यहाँबाट फेरि कुशिनगर फर्किन् । कुशिनगरमा पुगेर त्यहाँ आफ्नो प्रबल इच्छाअनुरूप सांसारिक दुःखसँग परिचित भएर अनगारिका हुने इच्छा गरिरहेको समयमा पनि गुरु महावीरबाबा बर्मामा गइरहनुभएको थियो । तैपनि लक्ष्मीनानीको आफ्नो इच्छा साकार गर्नका लागि गुरु कीर्तिमानले उनीलाई प्रव्रज्या दिनुभयो ।

Downloaded from http://www.dhamma.digital

यसरी "अनागारिका दीक्षा" ग्रहण गरिसकेपछि उनी "अनगारिका धर्मचारी" नामले प्रचार भइन् ।

अनगारिका धर्मचारी त्यहाँबाट धेरै दु:खकष्ट सहेर नेपाल फर्कनुभयो । नेपालको लागि धर्मचारी अनगारिका एक प्रेरणादायीको रूपमा अगाडि बढ्नुभयो तर, बस्ने कहाँ ? वहाँ पहिले स्वयम्भूडाँडामुनि किन्डोलडाँडामा आश्रयलिएर बस्नुभयो । किन्डोल डाँडाको पाटीमा आश्रय लिँदै एक दुइजना उपासक उपासिकाहरूलाई उपदेश दिने कार्य गर्दै रहनुभयो ।

किन्डोल डाँडा उहिले शेर्पाहरूको बसोबास थियो । अशिक्षित शेर्पाहरूको जमातमा बसेर पनि वहाँले तिनीहरूलाई बुद्धका उपदेशहरू दिएकी हुँदा उनीहरू प्राय: बुद्धधर्ममा श्रद्धा राख्ने भएर आए तर डाँडामा रहेका त्यस सानो पाटीमा पनि छुट्टै ठाउँको अभावले गर्दा भिक्षुहरू रहेकै ठाउँमा बस्नुपर्ने भयो ।

ठाउँको अभावले गर्दा एक प्रकारको अशान्ति भयो । थेरवादी बौद्धहरू पनि महायानी बौद्धहरू पनि एउटै ठाउँमा मिलिजुली गरी बसेको लाई स्थानीय जनताहरूले सहन सकेनन् । आफूलाई मन नपरेको कुरा आफ्नै आँखाले कसरी हेरिरहन सक्ला ? आफ्नो देशकी एक नारी भिक्षुणी त्यसरी समाजमा अधिकार प्रयोग गरेर धर्मदेशना गरेको कुरा पनि पुरानो विचारधारा भएका मानिसहरूले मनपराएनन् । कसरी यी भिक्षुणी महिलालाई यहाँबाट निकाली धपाउने, कसरी बदनाम गर्ने भनी मौकालाई खोजिरहे । एक दिन अचानक खलबल आवाज सुनियो । हल्लीखल्ली भयो । विहारको अलिपर कुवामा एक नवजात शिशु फालिराखेको थियो । मौका खोजिरहेकाहरूले अनगारिकाहरूलाई दोषलगाई उनीहरूको निर्दोष र मृदुबोलीको चर्चा भइरह्यो । "भिक्षुहरूसँगै अनगारिकाहरू पनि एकै विहारमा रहेर यस्तो दुष्कर्म कार्य गऱ्यो" भनी आरोप लगाई

Downloaded from http://www.dhamma.digital

चर्चा गर्न थाल्यो । धर्मदेशना गर्नेहरूको चरित्रबारे चर्चा, कस्तो षड्यन्त्र । कस्तो मार !

यी फुङ्घा चर्चाहरू शान्त भएपछि अनगारिका धर्मचारीले आफूले सुख दु:खगरी जम्मा पारेको रू. २२५।०० तिरेर एउटा शान्तवातावरणको लागि, सुव्यवस्थितको लागि एक टुक्रा जग्गा किन्नुभयो तर त्यहाँ पनि उहाँलाई पीरले छोडेन ।

अनगारिका धर्मचारीले किनेको जग्गामा अरूले पनि आँखा गाडिराखेका थिए । त्यसमध्ये भिक्षु धर्मालोक पनि एक हुनुहुन्थ्यो । एक दिन कुराको सिलसिलामा धर्मालोक भन्तेले " दान " को विषयमा चर्चा गर्नुहुँदै यसरी भन्नुभयो, "तपाईले अरू धेरै धर्म गर्नुभइसक्यो । धर्ममध्ये सबभन्दा ठूलो दान हो । त्यसमध्ये पनि जग्गा दान महान् हो । त्यसैले बढी पुण्यफल प्राप्त गर्नको निमित्त तपाईले किन्नुभएको जग्गा भिक्षुहरूका लागि दान दिनुहोस्" ।

धर्मचारी तीनछक्क पर्नुभयो । आश्चर्यचकित हुँदै वहाँले भन्नुभयो, "तपाईले भन्नुभएको कुरा ठीक हो ! दान दिनु सबभन्दा बढी पुण्य प्राप्त गर्ने साधन हो तर भन्ते ! जग्गा दानको लागि एउटा उद्देश्य चाहिन्छ । उद्देश्यविना बुद्धधर्ममा जग्गा दान गर्नुहुन्छ भन्ने नियम कहींपनि नभएको कारणले म भन्तेनाइं यो जग्गा दान दिन सक्दिन किनभने भन्तेलाई भन्दा बढ्ता बस्ने ठाउँको आवश्यकता अनगारिकाहरूलाई परिरहेको छ ।" यो कुरा आफू आफूभित्रै विस्तारै सल्किरहेको आगो जस्तो भइरहेको मा अझ झन् दन्किन थाल्यो ।

एउटा सानो टुका जग्गाको विषयमा भएको छलफल आखिर चन्द्रमणिगुरुको कानसम्म पनि पुग्यो । यस अवधिभित्र यही विषयलाई लिएर काठमाडौंको नरदेवीमा बस्ने पूर्णबहादुरले भन्तेलाई यसरी भन्नुभयो; भन्ते ! यस अवस्थामा अनगारिका धर्मचारीले एक टुका जग्गा किन्नुभयो भन्दैमा ईर्ष्या गरिरहनु

Downloaded from http://www.dhamma.digital

मेरो विचारमा आवश्यक छैन । हामीहरूले कसले, किन, के गऱ्यो भनेर चर्चा गर्दै हिंड्नु ठीक जस्तो लाग्दैन ।"भन्तेलाई पूर्णबहादुरको सुझाव मनपरेन । वहाँले भन्नुभयो, "स्त्रीजाति भएर उपासक उपासिकाहरूलाई शील दिने कार्य भइरहृयो । यो ठीक होइन । "

यही दोषारोपण गरेर वहाँले कुरालाई लम्ब्याउनुभयो । वहाँले गुरु चन्द्रमणि, गुरु कीर्तिमान, अनिरुद्ध भन्ते आदिलाई यस विषयलाई लिएर पत्राचार गर्दै रहनुभयो ।

धर्मचारीको नाममा एकै दिनमा पत्रहरू आइपुगे । पत्र धर्मचारीलाई नै दोष लगाएर लेखिपठाएको थियो । धर्मचारीलाई शील दिने (शीलप्रार्थना गर्न लगाउने) अधिकार छ छैन त्यो त थाहाछैन तर शील दिने अनुमति भिक्षुहरूको सर्वसम्मतिबाट दिइराखिएको हो तर यसको जवाफ यसरी पठाइयो -

"महिलाहरू पुरुषसरह कहिलेपनि हुन सक्दैन ........ त्यस्तै महिलाहरूले जनताहरूलाई शिक्षा दीक्षा दिएर शील प्रदान गर्दा सिथिल नै हुन्छ, दरो हुँदैन । पुरुषहरूले शिक्षा दीक्षा दिंदा ठीक ठाउँमा पारिदिन सकिन्छ ... आदि आदि ..... ।

वहाँको रंग र बुट्टाले भरेको पत्रको जवाफमा आफ्ना गुरुहरूले आँखा चिम्लेर विस्वास गरिदिएपछि अनगारिकाहरूले के गर्ने ? पक्का पनि पहिलो पत्र पठाउँदा नै भए नभएका कुराहरू बयान गरेर लेख्यो होला नत्रभने यस्तो उपहास निन्दा गरेर जवाफ नलेख्नुपर्ने थियो तर जे भएपनि के गर्ने ? मनमा साह्रै दु:ख भरेर आयो ।

एक दिन बिहान भिक्षुहरू सबै जलपान गरिरहेको बेलामा अगारिका धर्मचारीले भन्नुभयो, " तपाईं जस्तो यस्तो महान् स्थविर भएर पनि यस्तो सानो कुरालाई लिएर यताउती [illegible] [illegible] साह्रै नै [illegible]हाउने [illegible] कार्य भयो [illegible]पाई

Downloaded from http://www.dhamma.digital

भन्तेहरूले बरु मेरै सामुन्ने मैले बिराएको भए गाली गर्नुहुन्थ्यो । जुन कुरामा मलाई यति भन्न लगाउनुपर्‍यो त्यो भन्तेहरूको अनुमतिले नै मैले गरिरहेकी हूं । भन्ते, मलाई मेरो दोष देखाइदिनुहोस् । टुंडिखेलको बीचमा राखेर इच्छा छ वा छाउनीको चौरमा इच्छा छ मानिसहरूलाई भेला गराएर उनीहरूको सामुन्ने मेरो दोष औंल्याइदिनुहोस् । कुरा भनेको भित्रभित्रै किन दन्काइराख्ने ? भन्ते, तपाईले यस कुरालाई आज भोलि नै टुंगो लगाइदिनुहोस् ।

अनगारिका धर्मचारीले आफूलाई निर्दोष सावित्ती बयान दिएर बोलेको र अरू भिक्षुहरूको अगाडि आफूलाई अपमान गरेको संझेर भिक्षु धर्मालोक रिसाउनुभयो । भिक्षु धर्मालोकको प्रस्तावलाई सबै भिक्षुहरूले समर्थन गराएर अनगारिका कर्मचारीलाई शील दिनेबाट वञ्चित गराइयो ।

प्राय: गरेर ललितपुरका उपासक उपाकिसाहरू त्यहाँ विहार नभएको कारणले गर्दा किन्डोल डाँडामा नै आउने गर्दथे तर अनगारिका धर्मचारीलाई शीलदिनबाट वञ्चित गराएको ले उपासक उपासिकाहरू सबै मिलेर यसरी भने "तपाइकै कृपाले गर्दा हामीहरूले भन्ते कहाँ गएर शीलप्रार्थना गर्न जान्यौं । बुद्धधर्म के हो सिक्न पायौं तर तपाईलाई नै यस्तो अवरोध भएमा हामीहरू मात्रै भन्तेहरूकहाँ किन जाने, हामीहरू जाँदैनौं ।"

यति भइसकेपछि अनगारिका धर्मचारीसहित अरू अनगारिकाहरू र उपासक उपासिकाहरू भन्तेहरुकहाँ नगइकन बुद्धमूर्तिको अगाडि लहरै बसेर सबैले एकै पालो गरी शीलप्रार्थना गर्ने गरे । बुद्धप्रतिमाको अगाडि गुरुमण्डल (गुरुमन्द:) बनाएर पूजा पनि गर्न थाले । यति हुँदा पनि विवाद शान्त नभएको ले गुरु चन्द्रमणिले भिक्षु अमृतानन्दलाई विवाद सुल्झाउन नेपाल पठाउनुभयो ।

Downloaded from http://www.dhamma.digital

बल्ल अमृतानन्द भन्तले बडो मुस्किलले विवादलाई शान्तपारी समस्या सुल्झाइदिनुभयो । अमृतानन्द भन्तेको व्यक्तित्वबाट प्रभावित हुनुभएकी धर्मचारी अनगारिकाले थेरवादी बुद्धशासनका प्रचारक वहाँको (अमृतानन्द भन्ते) परिचय आफूले गर्नका लागि अमृतानन्द भन्तेले अनगारिका धर्मचारीलाई सकेसम्म मद्दत गर्नुभयो । भन्ते आफू पनि त्यस समय किन्डोल डाँडामै बस्नुभयो ।

## भिक्षुहरूको निष्काशन

ज्ञान भन्ने चीज जति अनुभव हुँदै जान्छ उति नै सिक्दै गइन्छ । समस्याहरू समाधान गर्दै जाँदा एउटा समस्यामा समाधान हुने बित्तिकै तुरुन्त अर्को समस्या आइपुग्छ । एउटा कामसँग अर्को कामको तरिका फरक हुँदै जान्छ । जति जति समय बित्दै जान्छ त्यसको अनुपातमा अनुभव पनि हासिल गर्दै जाने हुन्छ ।

अमृतानन्द भन्तेको सहयोग पाएको ले अनगारिका धर्मचारीको शाहस दशदुगुना बढ्यो । अमृतानन्द भन्तेले ज्ञानमालाको गीत रचेर धर्मचेतनाका लागि प्रचार गर्नुभयो । अचेतन र सुषुप्त अवस्थामा परिरहेका जनताहरूले केही न केही भएपनि वुझ्ने भएर आयो । ज्ञान हासिल गर्न सक्ने भएर आयो । चेतन गराइनुपर्ने जतिपनि कुराहरूलाई गीतमा रचेर त्यसलाई लय हालेर गाउँदा छिटै बुझ्ने पनि र कण्ठ पनि गर्न सजिलो, रमाइलो पनि हुने भएको ले ज्ञानमाला नामले एउटा किताव नै छाप्नुभयो ।

यसरी पहेंलो वस्त्र लगाएर पनि चेतन जागृत गराउने काम गरिरहेको निरंकुश शासन गरिरहेका राणाहरूले सहन सकेनन् । यी पहेंला वस्त्रधारीहरूले राजनैतिक गुटबन्दी गराउन

Downloaded from http://www.dhamma.digital

खोजे भन्ने शंका गरेर उपत्यकाभित्र रहनुभएका सबै भिक्षुहरूलाई नेपालबाट निकाल्ने निर्णय राणासरकारले गऱ्यो । नेपालबाट निम्न भिक्षुहरूलाई निष्काशित गरिएको थियो ।

१. भिक्षु प्रज्ञानन्द
२. भिक्षु सुबोधानन्द
३. भिक्षु कुमार काश्यप
४. भिक्षु प्रज्ञारश्मि
५. भिक्षु अग्गधम्म आदि ।

यसप्रकार भिक्षुहरूलाई निकाल्दा नेपालमा बुद्धधर्म र यसका चेतना जगाउने काम लोप भएर जाला भन्ने राणासरकारको धारणा थियो तर पहेंलो चीवरधारी भिक्षुहरूलाई निकाला गर्दैमा पहेंलो चीवरको सिद्धान्त लोप गराउन सकेन । जुनबेला भिक्षुहरूलाई निकाला गरियो, त्यसबेलादेखि झन् बुद्धधर्मको माग बढी हुन थाल्यो । भित्रभित्रै गोप्यरूपबाट धार्मिकरूपमा संगठन गर्ने काम बढ्दै गयो । भिक्षुहरूलाई निकाला गरेपछि अनगारिकाहरू निस्क्रिय हुन्छन्, सहयोगविना यिनीहरू निराश हुन्छन् भन्ने विचारले अनगारिकाहरूलाई ४ महिनापछि मात्र निकाला गर्ने योजना बनाइयो ।

यस कुराको घोषणा हुनासाथ सबै अनगारिकाहरू मिलेर त्यही चार महिनाभित्रमा श्री ३ सरकारको नाममा एउटा बिन्तीपत्र पेश गरियो । बिन्तीपत्रको नक्कल यस प्रकारको थियो:

बिन्तीपत्र

उप्रान्त महाराज करुणानिधान दयासागर धर्म औतार प्रभु, यही श्रावण १५ गतेका दिन किन्डोल विहारका भिक्षु भिक्षुणीहरूले नेपाल छोडी जहाँ जहाँ भिक्षु भिक्षुणी भएको हो वहीं वहीं जानु भनी हुकुम भैबक्सेको मा सरकारका प्रमांगी मुताबिक भिक्षुहरू अड्ढासारभै गैसकेको र अब हामी

Downloaded from http://www.dhamma.digital

भिक्षुणीहरूलाई चन्द्रमास सिधिएपछि जानु भनी सुनाइबक्सेको मा हामी भिक्षुणी अनाथहरूले दयानिधान प्रभुको पाउमा यो बिन्ती चढाएका छौं । प्रभु, विदेशमा हामी स्वास्नीमानिस स्त्रीजातीलाई खाना र बस्नलाई र भाषामा समेत साह्है नै मुस्किल र दु:खले प्राणान्त हुने कुरा सबै पिता दयानिधि प्रभुबाट बुझिबक्सेकै हो । प्रभु, तसर्थ हामी अबला अदनाउपर प्रभुको दया दृष्टिमय प्राणदान, जीवनदान दिइबक्से नेपालैमा बसी सरकारको नित्य जय जय मनाई अबला स्त्रीजातीहरूले ईश्वरको भक्ति भावले धर्म गरी बस्न पाऔं । प्रभु, हामीहरू जवान १६ मात्र छौं । प्रभु, त्यसमध्ये कोही वर्ष ७१, ६९, ५२, ४८, ४६, ४४, ४२ का छौं । कोही दु:खले बिरामी पनि भएका छौं । प्रभु, हरेक तरह तरहको दु:ख संकष्ट हुने सबै प्रभुले बुझिबक्सेकै होला । प्रभु, हामीहरूले नित्य सरकारको जय जय मनाई भिक्षाहारिणी भई दिनरात धर्मगरी बस्न पाऔं । प्रभु, कसैलाई भिक्षुणी हुन उपदेश गऱ्यापनि छैन, गर्ने पनि छैन । प्रभु, गरे ऐन सवालबमोजिम सजायँ सहूंला । प्रभु, जो हुकुम ।

सरकारको नित्य जय जय पुकार गर्ने
वर्ष ६९ की भिक्षुणी धर्मपाली ।

बिन्तीपत्रलाई मान्यता दिइयो । श्री ३ सरकारले यी स्त्रीजातिहरूले आखिर के गर्न सक्लान् र ? भिक्षुहरूलाई निकाला गरिनै हालियो । त्यसबेला सक्रियरूपमा निम्न अनगारिकाहरूले संघर्षमा भागलिनुभएको थियो ।

१. अनगारिका धर्मचारी
२. अनगारिका विरती
३. अनगारिका विशाखा
४. अनगारिका संघमित्ता
५. अनगारिका महानन्दी
६. अनगारिका आरती
७. अनगारिका शीलाचारी

Downloaded from http://www.dhamma.digital

८. अनगारिका धर्मपाली
९. उपासिका ठूलनानी
१०. उपासिका चूलनानी

हामीहरूका लागि यो संघर्ष एउटा उदाहरणको रूपमा छ । यसरी राणाशासनकालमा संघर्षमय जीवन बिताएर पनि धर्मचेतना जगाउन कोशिश गर्नुहुनेहरूको जीवन हेरेर हामीहरूले पनि अनुकरण गर्नु योग्य छ ।

अब यो अवस्थामा किन्डोलमा बसेर धर्मप्रचार गर्न नमिल्ने बुझेर यही चार महिनाभित्र धर्मचारी अनगारिका, विरती अनगारिका, विशाखा अनगारिका र आरती अनगारिका चारै जवान नुवाकोट जिल्लाको त्रिशूली बजारमा प्रस्थान गर्नुभयो । वहाँहरू त्रिशूली बजारमा चैत्यराज शाक्यको घरमा बस्नुभई धर्मप्रचार गर्दै रहनुभयो । त्रिशूली बजारमा सबै उपासक उपासिकाहरू खुसी भए तर दुर्भाग्यबस त्रिशूलीमा यसरी बौद्धमहिलाहरू बुद्धधर्म प्रचारका लागि गएको कुरा ललितपुर निवासी धर्मगुरुजु अर्थात् देवदत्तले थाहापायो । धर्मगुरुजुले तुरुन्तै जुद्धशमशेर कहाँ गई चुकली गर्न गयो । जुद्धशमशेर रिसले आगो भयो । वुद्धधर्मको विरोधी जुद्धशमशेरले तुरुन्तै समात्न पठायो ।

देवदत्त किन्डोलको पुजारी थियो । थेरवादीशासन अनुसार बुद्धधर्म प्रचार भएकोले देवदत्तको आम्दानीमा हानि भयो । यही कारणले गर्दा देवदत्त अनगारिका र भिक्षुहरूको विरोधी भएर निस्के ।

जब जुद्धशमशेरका दूतहरू त्रिशूली पुगे । त्यहाँ सम्पूर्ण उपासक उपासिकाहरूको मनमा एक प्रकारको अव्यक्त भय र शंका उत्पन्न हुनथाल्यो । विवश जनता, विवश अनगारिकाहरू के गर्ने ? त्रिशूलीदेखि अनगारिकाहरूलाई गिरफ्तार गरियो । त्रिशूली गएर पनि आफ्नो उद्देश्य पूरा गर्न

Downloaded from http://www.dhamma.digital

पाएन । सबैजना त्रिशूलीबाट साँझसम्ममा चतुरालीपौवासम्म पुगे । साह्रै थकाइलागिरहेको थियो । एक रात त्यहीं बास बसेर भोलिपल्ट बेलुकी सांझको ८ बजे काठमाडौंमा पुग्नुभयो । काठमाडौं पुगेपछि कालभैरवसँगैको थानामा थुन्न लग्यो ।

यो घटना १९९८ सालमा काठमाडौंमा हिउँ परेको समयको थियो । त्यहाँ चारै जवानलाई चन्द्रबहादुर कप्तानले केरफेर गरियो । विभिन्न प्रकारका प्रश्न गरिए । धम्की दिई तर्साउन खोजियो । अनेकन प्रकारले गाली गरियो । ज्ञानमालामा गीत रचेर सुनाउँदै गरेको विषयमा पनि सोधपूछ गरियो । साहसी धर्मचारीले निडर भएर ज्ञानमालागीत गाएर सुनाउनुभयो । पहिलो पटक सुनाइएको गीत यसप्रकार थियो :

स्वदेशबासी तता केहँ मयजु
विद्या ब्वना दीमाल ॥धु॥

शिक्षितवर्ग तनावंगु झीगु
छिकिपिसं सीके माल ॥

आखल ब्वना मदीगुलिं
धर्म मसियावन ॥१॥

न्ये त्वने तीगु हृदयय् मतसे,
आखल स्यनाहयेमाल ॥

आखल स:सा सियावै धर्म,
जगतय् जन्मया सार ॥२॥

बाल्यअवस्था पयन्ह वीगु
मांपिनि त:धंगु भूल ॥

मचाखाधां सीगु दु:ख स्वयेगु
जगतय् पापया मूल ॥३॥

Downloaded from http://www.dhamma.digital

विचारयाना: स्वयादीमाल
ख: मखु थुगु खँया ज्ञान ॥

ज्यूगु मज्यूगु च्व:म्हस्या द्वंगु,
सोधनयानादी माल ॥४॥

टोल्हाएर सुनिरहेका कप्तान चन्द्रबहादुरलाई धर्मचारीले दोस्रो गीत पनि सुनाउनुभयो :

धिक्कार दैव थुगु जन्म कैगु
विद्या जिके छुं मदुगु ॥धु॥

न्हापांनिसें मदु गुरु विद्या सयेके धैगु ज्ञान
आ:तिनि जिं सिल न्हां ।

सद्‌गुरु मञ्जुश्रीं कृपातया बियेमाल
शास्त्र ज्ञान बुद्धि ध्यान न्हां ॥१॥

शास्त्र ज्ञान मविलसा जन्मसिंतिं वन गुरु
वरदान विद्या बिव न्हां ॥२॥

विद्याविना मरु धन जन्मसार जिगु गुरु,
वरदान विद्या धन न्हां ॥३॥

अलसि मार पापीयात विद्याहीन गुरु
फुइन जिगु जन्म न्हां ॥४॥

गथे यायेमाल गुरु जन्मद्वार जुइगु गुरु
स्मृतियागु रूप जुया क्यनेमाल न्हां ॥५॥

मामया जन्मद्वारं संसार क्यंगु मिति

Downloaded from http://www.dhamma.digital

त्रिदश वर्ष पुल न्हां ॥६॥

भाव भक्ति याये मफु थनिंतक गुरुयागु
गथे लोमनाच्वंगु न्हां ॥७॥

विद्या ज्ञान मदुगुलिं पाप न्हिं न्हिं याना जिं
गथे याना: पाप फुके न्हां ॥८॥

नरकयागु दु:ख गथे सहयाये जिं गुरु
दुर्गतिइ वनीगु जुल न्हां ॥९॥

अज्ञानी शिष्ययात रक्षा यायेमाल गुरु
शरण छुलपोलयागु न्हां ॥१०॥

समर्पण याना: जिं नं शेष बाकि जन्म गुरु
गुरु मञ्जुश्रीयात न्हां ॥११॥

वाक्सिद्धि दयेमाल प्राणीहित ज्वीगु गुरु
धुलि छिके फ्वना जुल न्हां ॥१२॥

यस गीतलाई पनि ध्यानपूर्वक सुनिसेकपछि कप्तान चन्द्रबहादुरले यसरी प्रश्न गरे, "तिमीलाई मानाचामल कसले भरिराखेको छ ? तिमीले कसको आधारमा यी सबै कामगरीरहेकी ? धर्मचारीले यसरी जवाफ दिनुभयो, "तपाईले देखिहाल्नुभयो हामीहरूले पहेंलो वस्त्र लगाइराखेका छौं । भिक्षा मागेर प्राप्त भएको खाने, दानदिएको कपडा हामी लगाउनेगर्छौं । कप्तानले फेरि सोध्यो, "तिम्रो गुरु को हो ?" धर्मचारीले यसरी उत्तर दिनुभयो "भगवान् गौतम बुद्ध हाम्रो गरु हुनुहुन्छ ।" कप्तान एकटक त झस्क्यो । तिनी कस्ती नारी होलिन्, तिनलाई प्रश्न सोधेर कायल बनाउँछु । कप्तानले प्रश्न सोध्दै गए । अनगारिका धर्मचारीले उत्तर दिंदै जानुभयो । सत्येकुरामा पछि नहट्ने धर्मचारीको निर्भयपूर्वक दिएको जवाफ

Downloaded from http://www.dhamma.digital

सुनेर आखिर यी महिलाहरूलाई (अनगारिकाहरू) थुनामा राखेर केही फाइदा छैन भनी भोलिपल्ट सबैलाई थुनाबाट मुक्तगरिदिए ।

समय बित्दै गयो । धेरै हण्डर खानुपरेतापनि धर्मप्रचारका लागि, शिक्षाको महत्व दर्शाउनका लागि जसले जे जस्तो शासना दिएतापनि पछि नहट्दै अनगारिका धर्मचारीले आफ्नो प्रयासलाई अनवरतरूपमा अघिसार्दै लाग्नुभयो , संघर्ष गर्दै रहनुभयो ।

समयको खेल, जुद्धशमशेरको स्वर्गवास भयो । भीमशमशेरको पालोमा पनि ज्ञानमालाभजन गाएको आरोप लगाउँदै ज्ञानमालाभजनखल:लाई गिरफ्तार गरियो । छुट्कारा पनि भयो । यस्तो गरिएतापनि बुद्धधर्मप्रति न विरोधीहरू नै घट्यो न जागरण भइरहेको धर्मको चेतना नै कम भयो । बस्, कहिले गिरफ्तार गरियो कहिले केही दिन थुनामा राखियो, कहिले छुटकारा दिइयो । यस्तोक्रम जारी नै भइरह्यो । प्रचार हुनुपर्ने हुँदै नै रह्यो । सरकारको टाउको दुखी नै रह्यो । पछि लंकामा गइरहनुभएका भिक्षु अमृतानन्दको प्रयासले नेपालबाट निकाला हुनुभएका भिक्षुहरू पुन: नेपालमा नै भित्र्याइयो । धर्मप्रचार हुँदै नै रहयो । यस समयसम्म पनि किन्डोल विहारमा बुद्धको मूर्ति स्थापना गरिएको थिएन । सुरक्षित तरिकाले बस्नका लागि समय पनि ठाउँ नभएको समयमा पनि अनगारिका विरती, विमुखासहिन धर्मचारीले बुद्धका उपदेशहरू जनसमक्ष पुऱ्याउँदै रहनुभयो ।

## महापरिनिर्वाण मूर्ति स्थापनाको आवश्यकता

बौद्धअनगारिकाहरू बस्ने विहारमा बुद्धको महापरिनिर्वाणमूर्ति स्थापना गर्ने इच्छालाई साकार गर्न

Downloaded from http://www.dhamma.digital

अनगारिकाहरूसहित सबैको प्रयास भइरहको थियो । धर्म प्रचार र प्रसारको लागि बुद्धको मूर्ति र बस्नको लागि एउटा विहार अत्यन्त आवश्यक भइरहेको कुरा सबैमा महसूस थियो र यही समयमा अनगारिका धर्मचारीले त्यस शुभ विचारलाई प्रस्तावको रूपमा अगाडि सार्नुभयो । यसरी वहाँबाट प्रस्तावको रूपमा आउने बित्तिकै सबै भक्तजन उपासक उपासिकाहरूले आफूले सक्दो सहयोग गर्ने वचन दिए ।

सबैको सल्लाहले निर्वाणमूर्तिको लागि हात्तीबन चोभारबाट ढुंगा ल्याउने निर्णय गरियो । निर्णयअनुसार तुरुन्तै ६० जवान कुल्लीहरूको सहायताले मूर्ति निर्माणको लागि ढुङ्गा ल्याउन काठमाडौंबाट प्रस्थान भयो तर ६० जनाले नपुगेका ले २० जवान अरू श्रद्धालुहरू खोकनाबाट आई श्रमदान गर्नुभयो । मुस्किलले ढुङ्गालाई उचालेर ल्याउन सक्यो ।

ढुङ्गा राखेर ल्याउनका लागि ललितपुरको उपासक श्री बेखालाल श्रेष्ठले मोटरको व्यवस्था गरिदिनुभयो । ढुङ्गालाई आसनमा राख्नका लागि किन्डोलका जनाताहरूले सहयोग गरे । यसरी ढुङ्गालाई आसनमा राखिसकेपछि भिंछेबहा: पाटनका कलाकार वुद्धराज र पञ्चराज दुबै जनाले मूर्ति बनाउने जिम्मा लिनुभयो । शुभसम्बत् १०६८ पौष शुक्ल अष्टमीको दिन निर्वाणमूर्ति बनाउने कार्यको थालनी भयो । निर्वाणमूर्ति बनाउने कार्यमा धेरै जसो सहयोग गर्नुहुनेहरूमा ललितपुरका स्व. भीमराज, श्रीमती पुतली अजि र श्रीमती लक्ष्मीमाया अजि आदि हुनुहुन्थ्यो ।

प्रतिमा बनाउने कार्य सिध्याएर २००६ साल आश्विनपूर्णीमाको दिन स्थायीरूपमा आसनमा विराजमान गराएर मन्दिर बनाउने कार्य पनि शुरूभयो । मन्दिर बनाउने कार्य सम्पन्न भइसकेपछि २००८ साल कार्तिक २८ गते तत्कालीन श्री ५ युवराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट महापरिनिर्वाण मन्दिर उद्घाटन सम्पन्न भयो ।

Downloaded from http://www.dhamma.digital

महापरिनिर्वाणमूर्ति (तथा मन्दिर) निर्माणको समुद्घाटनको लागि श्री ५ त्रिभुवन वीर विक्रम शाहदेवका जुनाफमा निवेदन गरिएको थियो तर त्यस समयमा धर्मभक्त, शुक्रराज, गंगालाल र दशरथचन्दहरू शहीद भइसकेपछि चिनियाकाजि पनि शहीद हुने दिन भएको कारण देखाई पत्र पठाइबक्सेको थियो ।

त्यसपछि बुद्धपूजाको आयोजनाको सिलसिलामा निर्माणसम्बन्धी आयव्यय विवरण २००८ कार्तिक २८ गते बुधवारको दिन नै सुनाइयो । निवार्णमूर्ति लिन गएदेखिको आम्दानी र खर्च सुनाएको सम्पूर्ण विवरण यसप्रकार थियो

आम्दानी रू. १२६६४।६८ खर्च रू. ११८५४।८४
बाँकी रू. ८०९।८४

यसरी आयव्ययको विवरण सुनाइएको समयमा सारिपुत्र र मौद्गल्यायनको अस्थिधातु नेपालमा भित्र्याइएको थियो र यही अवसरमा नेपालमा आएका भारतीय विद्वान्हरू र राजदूत आदि अतिथिहरूले पनि यस समुद्घाटन समारोहमा भागलिनुभएको थियो ।

२०२१ साल वैशाखपूर्णिमाको दिन निर्वाणमूर्ति र मन्दिरलाई संरक्षण गर्ने व्यक्तिहरू बस्नका लागि निर्माणमूर्तिको उत्तरपट्टि अर्थात् अगाडि १० हात लामो र साढेचार हात चौडाइ २ तल्ले भएको एउटा घर पनि कान्तिपुरको पुखूद्यां टोलकी विष्णुमाया महर्जनले स्व. पिता मानवीर र स्व. माता सानुमायाको नाममा सानीआमा (आमाकी बहिनी) बुद्धमाया, अष्टमाया, भाइहरू हीरामान, मानबहादुरसहित सबै परिवारको सहयोगले निर्माण गरेर भगवान्बुद्धको गुणधर्म शासनप्रति श्रद्धा राखेर समर्पण गर्नुभयो ।

Downloaded from http://www.dhamma.digital

मूर्ति स्थापना सकिएपछि क्रमश: बुद्धपूजा र भोजनदानको भव्य आयोजना गरियो । यसप्रकार प्रथम बुद्धपूजा र भोजनदानको आयोजना गर्ने निम्न व्यक्तिहरू हुनुहुन्छ -

१. साहू चिरिकाजि, इटुंबहाल, काठमाण्डौं ।

दोस्रो २००८ मंसिर ५ गते

२. श्री ततालक्ष्मी, असन धंछें, काठमाडौं ।

तेस्रो

३. देवरत्न कंसाकार, नानीशोभा, शीलप्रभा काठमाडौं

चौथा ।

४. देवलानी प्यंग:थां, पाटन ।

पांचौं ।

५. धनमाया साहुनी धालसिव, पाटन ।

यसरी श्रद्धालु भक्तजनहरूको संख्या पनि बढ्दै गयो । बुद्धपूजा गर्नेहरूलाई र धर्मउपदेश दिनेहरूलाई पनि कसैले रोक लगाउन सकेन । विभिन्न ठाउं ठाउंका उपासक उपासिकाहरूको जमघट हुन थाल्यो । बुद्धको महापरिनिर्वाणमूर्ति हेर्नको लागि सबै उत्सुक हुन थाले । यसरी धर्ममा प्रगति हुँदै गएको राणारसकारलाई असाध्य हुनथाल्यो तर बुद्धधर्म र संघ अनि सत्यको जीत भयो ।

## उपासिकारामको आवश्यकता

निर्वाणमूर्ति स्थापना भइसकेपछि ठाउंठाउंका अतिथिहरूले मूर्ति अवलोकन गर्न आउन थाले । टाढा टाढाबाट आउनुहुनेहरू एकै दिनमा फर्केर जान सम्भव थिएन । यो पनि एउटा समस्याको रूपमा नै देखापऱ्यो । यसैले अनगारिका धर्मचारीले एउटा उपासिकाराम (उपासिकाहरू बस्ने ठा ंउ) बनाउने प्रस्ताव राख्ने विचार गर्नुभयो ।

Downloaded from http://www.dhamma.digital

एक दिन अनगारिका धर्मचारीले उपसिकारामको लागि प्रस्ताव पेश गर्नुभयो । यस प्रस्तावअनुसार निम्न उद्देश्य लिएर किन्डोलमा निर्वाणमूर्तिको हाताभित्रै उपासिकाराम अथवा अनगारिकारम निर्माण गर्नका लागि विभिन्न वादविवाद र छलफल भयो ।

विभिन्न महत्वपूर्ण वादविवाद छलफल भएपछि अति आवश्यक देखिने उपासिकाराम बनाउन एउटा "उपासिकाराम समिति" गठन भयो ।

निर्माण समितिका महानुभावहरूको नामावली यसप्रकार थियो :

१. अध्यक्ष साहू पूर्णकाजि, भोटाहिटी
२. सेकेटरी साहू हरिदास, मञ्जेश्वरी
३. उप-सेकेटरी साहू भाइकाजि, मञ्जेश्वरी
४. कोषाध्यक्ष साहू जगतरत्न, तँलाछ्री
५. सदस्य साहू वावुरत्न, असन
६. " " पूर्णमान, तेवहाल
७. " " महारत्न, तेबहाल
८. " श्रीमती चन्द्रलक्ष्मी, ठमेल
९. " दयावीरसिंह, केलटोल

निर्माणसमिति गठन भइसकेपछि विभिन्न वैठक वस्दा, विभिन्न उद्देश्यहरू निर्णय गर्ने भन्ने कुराको पनि निश्चित गरियो ।

Downloaded from http://www.dhamma.digital

## उपासिकाराम निर्माण समितिको दोस्रो बैठक

निर्वाणमूर्ति किन्डोलमा बौद्धऋषि महाप्रज्ञाको सभापतित्वमा २०१९।१२।२४।७ गते बिहान ८ बजे उपासिकाराम निर्माणसमितिको छलफल भयो । आखिरमा लामो छलफलपछि प्रथम चरणको निर्णय भयो जुन यसप्रकार थियो :

उद्देश्य :

१. अर्न्तराष्ट्रिय मुलुकबाट काठमाडौं आउनुहुने अनगारिकाहरू तथा उपासिकाहरूलाई केही दिनको निम्ति आश्रय दिने तथा स्वदेशको कुनाकाप्चाबाट आउनुहुने अनगारिकालाई केही दिनका लागि आश्रय दिने ।

२. हाललाई उक्त उपासिकारामभवन एउटामात्र निर्माण गर्ने ।

३. उक्त भवन निर्माण गर्न निम्नअनुसार गठित समितिबाट अनगारिका धर्मचारीलाई निर्माणका लागि आवश्यक हिसाबकिताब लिने गरी सौहर्द्रतापूर्वक सुम्पिने ।

४. बढीभन्दा वढी तीन वर्षभित्र उक्त निर्माणकार्य सम्पन्न गराउने ।

५. उक्त समितिबाट सकेसम्म सहयोग जुटाउने ।

चन्दा संकलनका लागि गठन गरिएको चन्दासमिति

१. अनगारिका धर्मचारी प्रधानसंयोजक
२ साहू जगतरत्न नैलाछी
३. साहू पूर्णकाजि, [illegible]हिटी
४. साहू पूर्णमान, तेवाल
५. साहू [illegible], [illegible]वरी
६. साहू [illegible] [illegible]न्जेश्वरी
७. श्री [illegible] साहू [illegible], थँहिटी

Downloaded from http://www.dhamma.digital

८.	साहू राजमान, मखनटोल
९.	साहू दयावीरसिंह, केलटोल
१०.	साहू द्रव्यरत्न, असनटोल ।

यसप्रकार समितिबाट पारित भइसकेपछि सबै जिम्मेदार व्यक्तिहरूले आ(आफ्नो जिम्मेवारी सम्हाल्नुभयो ।

२०२० साल श्रावण ५ गते शनिवारको दिनमा पनि बैठक बस्यो । निवार्णमूर्ति स्थानमा महाप्रज्ञाको सभापतित्वमा बसेको उक्त बैठकले निम्न कुराहरूको निर्णय गऱ्यो -

१. चन्दासमितिका सदस्यहरूले चन्दा संकलनकार्य शुरू गर्ने ।
२. भवनको शिलान्यास गर्ने ।
३. उक्त भवननिर्माणको लागि चाहिएको सहयोगको अनुरोध उक्त समितिले गर्ने ।
४. यही बैठक बसेकै दिनमा उपासिकाराम निर्माणार्थ आवश्यक भएको जग्गा अनगारिका धर्मचारी, अनगारिका विरती, अनगारिका विमुखा र उपासिका लक्ष्मीप्रभाको नाममा भइराखेको जग्गा उपासिकारामको लागि समर्पण गरियो । यस जग्गा समर्पण गरिएको मा समितिले हार्दिक धन्यवादसहित स्वीकृत गऱ्यो ।

यसप्रकार धर्ममा श्रद्धा उत्पन्न भएका सकल उपासक उपासिकाहरूले धमाधम चन्दा दिन शुरूगरे । उपासक उपासिकाहरूको समक्ष अनगारिका धर्मचारीले उपासिकाराम निर्माणको लागि एउटा अपिल गर्ने भन्ने पनि निर्णय भयो । निर्णयअनुसार भएको अपिलको नक्कल यसप्रकार थियो :

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"

श्रद्धालुजनहरू सम्यक्सम्बुद्ध हुनुभएका सर्वार्थसिद्धको जम्नभूमि हाम्रो देश नेपाल अर्न्तराष्टिय बौद्धदेशका

Downloaded from http://www.dhamma.digital

बौद्धधर्मावलम्बीहरूका नजरमा अत्यन्त सम्मानपूर्ण भइरहेको स्वत: स्पष्ट नै छ । उक्तकारणले गर्दा देशविदेशका बौद्धहरू दर्शनार्थ आउनुहुने अतिथिहरू प्रतिवर्ष क्रमश: बृद्धिहुँदै आइरहेका छ तर वहांहरूका लागि अतिथिभवन वा विश्रामशालाको व्यवस्था अहिलेसम्म भएको छैन । अन्तर्राष्ट्रिय अतिथिहरूको अतिरिक्त आफ्नै स्वदेशका अनगारिका वा उपासिकाहरू आउनुहुँदा पनि केही दिन बस्नका लागि पनि, सार्वजनिक अतिथिहरू बस्न लायकको सम्मपनि कुनै व्यवस्था भएको छैन ।

यही अभाव पूर्तिगर्न अतिथिहरूका लागि एउटा "अतिथिभवन निर्माण गर्न अनगारिका धर्मचारीको प्रस्तावअनुसार अतिथिभवन उपासिकाराम निर्माण समिति" गठन गरी यस समितिबाट अनगारिका धर्मचारीलाई निर्माणकार्य ३ वर्षभित्रमा पूरा गर्न सक्दो सहयोग गर्ने र यस कार्य सम्पन्न भएपछि आयव्ययको हिसाब सबै यही समितिलाई बुझाउने गरी अनगारिका धर्मचारीलाई सम्पूर्ण अधिकार हस्तान्तरण गर्न सर्वसम्मतिबाट पारित गर्‍यो ।

यो अतिथिभवन निर्माणहुने स्थान नेपालदेशभित्र किन्डोलको महापरिनिर्वाण मूर्तिको अगाडि उत्तरपट्टि हुनेछ । अहिलेलाई दुइतल्ले २४ हात लम्बाई, १० हात चौडा र २ वटा बरण्डासमेत गरी १२ हात चौडा हुनेछ । योजनाअनुसार मोहर रू. जम्मा ३०,०००।- (तीसहजार) लाग्नेछ । यसमा सबै धर्मप्रेमीहरूले पुण्यार्थ त्याग चित्त गरेर, बुद्धधर्मलाई उन्नति गर्ने विचारले द्रब्यदानद्वारा सहायता गरिदिनुभए यो कार्य छिटै सम्पन्न हुनेछ भन्ने आशा गर्दछु साथसाथै विश्वासपनि गर्दछु ।

सेक्रटरी
अतिथिभवन उपासिकाराम निर्माणसमिति
का.६.किन्डोल, २०२०, नेपाल ।

Downloaded from http://www.dhamma.digital

यो अपिल सुनेर सबै धर्मप्रेमीहरूले यथाश्रद्धा चन्दा दान गरे । नगदचन्दाबाहेक श्रमदान गर्नुहुने भक्तजनहरूको नामावली यसप्रकार थियो -

| | | | |
|---|---|---|---|
| १. | श्री महारत्न | ८ | दिन |
| २. | श्री हर्षरत्न | ८ | दिन |
| ३. | श्री बेखारत्न | ८ | दिन |
| ४. | श्री साहू राजमान | ५ | दिन |
| ५. | श्री हर्षबहादुर | ३ | दिन |
| ६. | श्री न्हुछेरत्न | ८ | दिन |
| ७. | श्री साहू धर्मदास | ३ | दिन |
| ८. | श्री रत्नबहादुर | ३ | दिन |
| ९. | श्री चन्द्रबहादुर | ३ | दिन |
| १०. | श्री बुद्धिमान | ३ | दिन |
| ११. | श्री साहू जगतरत्न | ३ | दिन |
| १२. | श्री कृष्णबहादुर | | |
| १३. | श्री सिद्धिरत्न | | |
| १४. | श्री पूर्णकाजि | | |
| १५. | श्री भाइकाजि | | |
| १६. | श्री साहुनी कान्छीमां | | |
| १७. | श्री प्यारीतता | | |
| १८ | श्री कांछीमां | | |
| १९. | श्री रामदेवी | | |
| २०. | श्री धनमाया | | |
| २१. | श्री लक्ष्मीदेवी | | |
| २२. | श्री तीर्थमान | | |

यसप्रकार सहयोग दिनेहरूले सहयोग दिँदै निर्माणकार्य संचालन हुँदै गयो । कसैले नगद चन्दा दिनुभयो, कसैले अन्न, कसैले श्रमदान, यसरी सक्दो सहयोगद्वारा निर्माणकार्य संचालन भयो । आर्थिक संकष्ट आइपरेतापनि चन्दा संकलन हुँदैरहयो । किन्डोलडाँडाका जनताहरूले पनि सक्दो श्रमदान दिनुभयो ।

Downloaded from http://www.dhamma.digital

मिति २०२०।५।२९ गतेका दिन भिक्षु अश्वघोषको सभापतित्वमा एउटा बैठक बस्यो । बैठकमा दयावीरसिंको प्रस्तावअनुसार निम्न कार्य गर्ने भन्ने निर्णय भयो :

१. ३ वर्षसम्म धर्मपात्र राख्ने ।
२. चन्दा संकलन गर्ने ।
३. श्री ५ महाराजाधिराजसँग आर्थिक सहायताको निमित्त बिन्तीपत्र चढाउने ।

यसरी निर्णय भएपनि भिक्षु अश्वघोषको सभापतित्वमा अनगारिका धर्मचारीको सकृयतामा सञ्चालन भइहेको त्यस निर्माणकार्यको लागि आर्थिक संकषले छोडेन ।

तब निर्णयअनुसार श्री ५ महाराजाधिराजसँग आर्थिक सहयोगको लागि पेश गरियो । बिन्तीपत्रको नक्कल यसप्रकार थियो :

श्री ५ महाराजाधिराजका हजुरमा,
सिंहदरबार, काठमाडौं ।

Dhamma.Digital

सरकार,

यो हाम्रो नेपाल परंपरादेखि धर्म, कला र संस्कृतिले भरिएको भगवान् गौतम बुद्धको जन्नभूमि तथा पुण्यभूमि सम्झी प्रत्येक सालमा अनेक देशका यात्रीहरू बौद्ध(तीर्थ दर्शन गर्न आइरहेको कुरा सरकारमा जाहेरै छ । ती दर्शनीय स्थानहरूमध्ये यस का.इ. किन्डोलडाँडाको "महापरिनिर्वाणमूर्ति-उपासिकाराम" पनि एक प्रमुख स्थान थियो । जुन २००८ कार्तिक २७ गते मंगलवारमा निर्माण भई सरकारकै बाहुलिबाट उद्घाटन गरिबक्सेको पनि सरकारी सम्झनाभित्रकै कुरा हो । बर्मा, लंका श्याम, क्याम्बोडिया आदि देश बिदेशका अनगारिकाहरू (भिक्षुणीहरू) दर्शनार्थ आउँदा यस उपत्यकामा केही दिन विश्राम गरी ध्यानभावना गर्ने तथा बुद्धधर्म अध्ययन गर्न वहाँहरूको

Downloaded from http://www.dhamma.digital

निमित्त एउटा धर्मशाला अत्यन्त आवश्यक भइरहेको छ । तसर्थ यही महापरिनिर्वाण मूर्तिअगाडि उत्तरतर्फ यात्रीहरू विश्राम गराउन अन्दाजी २४ हात लम्बाइको बरण्डासमेत १२ हात चौडाइ र २ तल्ला राखी एउटा अतिथिभवन निर्माण गर्न पाएको खण्डमा यात्रीहरूले पुण्य साधन गर्न पाउनुको साथै यस पुण्यभूमि नेपालको पनि गौरव बढ्न जाने देखिएको ले उक्त धर्मशाला (अतिथिभवन) बनाउन लागत इष्टिमेट बमोजिम ने. रू. ३०,०००।- (तीस हजार) रूपैयाँ खर्चलाग्ने भएको र सो खर्च धर्मावलम्वीहरूको आर्थिक सहायताबाट रू. १५,०००।- चन्दा प्राप्त भएको ले नपुगेको रू. १५,०००।- सरकारबाट यस अतिथिभवन निर्माणार्थ आर्थिक सहायता प्रदानगरिबक्सेको खण्डमा अवश्य उक्त भवन निर्माण होला भन्ने पूर्ण आशा र भरोसा राख्दछु । जो निगाह ।

मौसूफको सदा जय जय मनाइरहने
अनगारिका धर्मचारी भिक्षुणी
मिति: महापरिनिर्वाणमूर्ति उपासिकाराम,
का.इ.किन्डोल, निर्वाणबहाल ।

Dhamma.Digital

अभाग्यवस सरकारबाट उक्त उपासिकाराम निर्माणको लागि सहयोग प्राप्त नभएपछि उद्देश्यअनुसार २०२२ साल मार्ग १९ गते लोकदर्शनको सभापतित्वमा एउटा बैठक बस्यो ।

लोकदर्शनको सभापतित्वमा बसेको उक्त बैठकमा प्रस्तावित प्रस्तावको छलफलपछि उक्त कुराको निर्णय गऱ्यो :

१. नवनिर्मित उपासिकारामभवनमा छानाछाउने काम पूरानभएको ले त्यसका लागि आवश्यक खर्चको निमित्त पुन: चन्दा संकलन गर्ने ।

२. निर्माण पूरा गर्न विशेष ध्यान पुऱ्याइदिनुभएको मा लोकदर्शनलाई हार्दिक धन्यवादज्ञापन ।

Downloaded from http://www.dhamma.digital

यसरी पुन: लोकदर्शनकै सकृयतामा चन्दा संकलन गरी अधुरो रहेको निर्माणकार्यलाई सम्पन्न गर्ने अवसर मिल्यो । अनगारिका धर्मचारीले पनि बडो होसियार पूर्वक आफ्नो जिम्मेवारी बहन गर्नुभई निर्माण समितिले दिएको अधिकारअनुसार सम्पूर्ण आयव्ययको विवरण राख्नुभयो । यसप्रकार देशको इज्जतको लागि आफ्नो शरीरले भ्याएसम्म कोशिश गर्नुभई निर्माणकार्य पूरा गर्नुभयो ।

सम्पूर्ण निर्माणकार्य समाप्त भएपछि २०२६ वैशाख १२ गते एउटा बैठक बस्यो । पूर्णकाजिको सभापतित्वमा बसेको उक्त वैठकको निर्णय यसप्रकार थियो :

१. अनगारिका धर्मचारीले उपासिकाराम निर्माण गर्ने कार्यमा निर्माण समितिको निणर्यअनुसार दिएको अधिकारलाई ग्रहण गरी निर्माणकार्य समाप्त भएपछि आयव्ययको विवरण पेश गरी प्रशंसनीय कार्य गर्नुभएको मा यस समितिले धर्मचारीलाई हार्दिक धन्यवाद तथा यस समितिले नै वहाँलाई संस्थापकको पद पनि दिइयो ।

२. पेश गरिएको भवननिर्माणको आयव्यय विवरण समितिले जाँचबुझ गरिसकेपछि जम्मा आम्दानी रू. २७९९९।२६, खर्च २६७८८।३१, बाकी १२१०।८५ सर्वसम्मतिबाट पारित गऱ्यो ।

३. भवननिर्माणकार्यको निमित्त चन्दा संकलन गर्ने जिम्मा लिनुभएका चन्दा समितिका सदस्यवर्ग र सहायकसज्जन वर्गलाई पनि यस समितिले धन्यवाद ज्ञापन गऱ्यो ।

४. हिसाबमा चढाउन नपर्ने गरी पूरा हुन बाकी रहेका केही कार्यहरूमध्ये केही अंश पूरागर्ने जिम्मा लिनुहुने योगसिद्धि गुरुजुलाई पनि धन्यवाद ।

Downloaded from http://www.dhamma.digital

५. उपासिकाराम समितिलाई आजकै मितिदेखि नाम परिवर्तन गरी "उपासिकाराम संरक्षण समिति" भन्ने नामबाट संचालन गर्ने ।

६. यसपछिबाट निर्माणकार्य आदिको निमित्त उपासिकाराम संरक्षण समितिले आजसम्मको बाकीरहेको रकम र पछि नयाँ उठ्ने चन्दाबाट नयाँ आयव्यय विवरण राख्ने ।

७. यस उपासिकाराम पूर्वनिर्णयअनुसार उपासिकाराममा आउनुहुने आगन्तुकहरूको निमित्त एउटा नियम बनाएर त्यही नियमअनुसार संचालन गर्ने ।

८. चन्दादाताहरूको नाममध्ये रू. ५०।- सम्म दिनुहुनेहरूको नामावली र उपासिकारामका उद्देश्यहरू ढुङ्गामा कुदाई स्थापना गर्ने ।

९. सदस्यहरू र पदाधिकारीहरूको पुनः निर्वाचन आजकै मितिमा गर्‍यो जसअनुसार :

| | | |
|---|---|---|
| १. | अध्यक्ष | - धर्मचारी अनगारिका, पदेन संस्थापिका |
| २. | उपाध्यक्ष | - विरती अनगारिका । |
| ३. | सेक्रेटरी | - पूर्णकाजि तुलाधर । |
| ४. | कोषाध्यक्ष | - बाबुरत्न तुलाधर । |
| ५. | सदस्य | - धर्मरत्न उपासक । |

यसरी भवननिर्माणको मोटामोटी काम सकिएपछि सबैले आनन्दसँग सासफेर्न पाए । सबै उपासक उपासिकाहरू खुसी भए । प्राय:जसो घरायसी कलहले गर्दा मनमा अशान्ति अनुभव गरिरहेका आइमाईहरू (बृद्ध महिलाहरू) यही भवनमा आएर धर्मउपदेशहरू सुनी मनमा शान्ति प्राप्त गर्न थाले ।

Downloaded from http://www.dhamma.digital

बेलाबखतमा आउँदै गर्ने विदेशी बौद्धतीर्थयात्रीहरूलाई पनि यस भवनले धेरै मद्दत गर्‍यो ।

यस बैठकमा बाकी रहेको रकम रू. १२१०।८५ उपासिकाराम भवनको बाकीरहेको भित्रीकाममा २०२८ साल वैशाखदेखि काम शुरू गरी खर्च गर्‍यो ।

## अनगारिका धर्मचारीद्वारा देहत्याग

परिवर्तनशील संसारमा अनगारिका धर्मचारीले आफ्नो शरीरले भ्याएसम्म नारीसमाजलाई समेत शिक्षा धर्मउपदेशहरू दिनुभयो । उपासक उपासिकाहरूको मनछुने गरी अनेक शिक्षा दीक्षा दिने काममा व्यस्त हुँदै २०३३ सालदेखि अनगारिका धर्मचारीलाई मुटुको रोगले छोयो । आफू अस्वस्थ हुँदा पनि बेलाबखतमा उपदेश सुन्न आउने उपासक उपासिकाहरूलाई निराशभई फर्कन नपर्ने गरी उपदेश दिँदै गर्नुहन्थ्यो । २०३३ सालभित्र चारपटकसम्म हुँदा बेहोश हुनुभयो । आंखाको शक्ति कम हुँदै आंखा धमिलिँदै गयो । शरीर पनि कमजोर हुँदै गयो तापनि स्मरणशक्ति रहुन्जेलसम्म शिक्षा दिँदै रहनुभयो उपदेश दिँदै रहनुभयो ।

सबैलाई धर्मगुरुआमाको यस्तो अवस्था देखेर दु:खलाग्यो तर अनित्य संसारमा मरण हुनुपर्ने स्वाभाविक धर्मलाई संझेर चित्तबुझाएर अनुयायीहरूले आंसु पुछिरहे ।

धैर्यधारी अनगारिका धर्मचारीको मन भने सधैं सुखी देखिन्थ्यो । "आजसम्म जतिपनि काम गरें नराम्रो गरिन" भन्ने धारणा लिई वहांको हृदयमा बुद्ध र बुद्धका गुणहरू अनुस्मरण गरिरहने शक्ति थियो । सास एउटा रहुन्जेल उहांले मानिसहरूमा चेतना हुनुपर्ने उपदेश दिँदै नै रहनुभयो । अचानक अनगारिका धर्मचारी बेहोश हुनुभयो । जिभ्रो टोक्नुभयो ।

Downloaded from http://www.dhamma.digital

सबै उपासक उपासिकाहरू आत्तिन थाले । पाँच
नसम्म दम आउन थाल्यो । स्मरणशक्ति क्षीण भयो ।
न्धकारले छाउन थाल्यो । उपासक उपासिकाहरूको हृदय
कुल भई काम्न थाल्यो । आखिर २०३४ पौष २३ गते
वार त्रयोदशीको दिन अनगारिका धर्मचारी अनन्त
काशमा विलीन हुनुभयो । वहाँले आफ्नो नश्वरदेह त्याग
र्‍यो ।

आज वहाँ पूज्या अनगारिका धर्मचारी हाम्रो सामुन्ने
न्न । वहाँको शरीर हाम्रो अगाडि नभएतापनि वहाँको गुण,
को साहसले युक्त इतिहास हाम्रो अगाडि छ । वहाँको
र्मप्रति श्रद्धाको प्रतीक महापरिनिर्वाणमूर्ति र उपासिकाराम
रूको अगाडि उभिरहेकै छ ।

***

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

अ
व्य
प्र
आ
ग

हुनु
वहा
बुद्ध
हार्म

Downloaded from http://www.dhamma.digital